# झापा जिल्लाको उत्तरपश्चिमी भेगमा प्रचलित लोककथाको अध्ययन

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र सङ्कायअन्तर्गत नेपाली विषयको स्नातकोत्तर तह दोस्रो वर्षको दसौँ पत्रको आंशिक प्रयोजनको प्रस्तुत अध्ययनपत्र


प्रस्तुतकर्ता

उषा गुरूङ

प्राइभेट


२०७५

# कृतज्ञताज्ञापन

प्रस्तुतअध्ययनपत्र मैले नेपालीविषयअन्तर्गत स्नातकोत्तर दोस्रो वर्षको दशौँ पत्रको प्रयोजनार्थ झापाजिल्लाको उत्तर पश्चिमी भेगका राजवंशीजातिकाप्रचलितलोककथाहरूको सङ्कलन,वर्गीकरण र विश्लेषण गरी तयार पारेकी छु । यो अध्ययनपत्रआदरणीय गुरु प्रा.डा. श्री खगेन्दप्रसाद लुइटेलज्यूको निर्देशनमातयार पारेकीहुँ । मलाई कुशलनिर्देशनदिई सहयोग गर्नु हुने साथै उचित सल्लाहदिनु हुने आदरणीय गुरु प्रा. डा. श्री खगेन्दप्रसाद लुइटेलज्यूलाई हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । यसै गरी यो अध्ययनपत्रथालनीमा मैले मौखिक रूपमा राखेको जिज्ञासालाई झन्झट नमानी प्रष्ट्याई दिनु हुने आदरणीय गुरुमहेश तिवारीज्यूप्रतिहार्दिक आभार अर्पण गर्दछु । सर्वप्रथम मेरा पुजनीयमातापिताप्रति कृतज्ञ छु ।यस कार्य आफू सहभागीभइ कष्ट नमानी सहयोग गर्नुहुनेहरूमाफुलसिंह राजवंशी, उषा राजवंशी, दारीघुरा राजवंशीजसले राजवंशीकथा सङकलनगर्न मदतगर्नुभयो वहाँहरूलाई हृदयदेखि हार्दिक आभार व्यक्तगर्दछु । साथै मेरा भाइमनोज गुरूङलेआफ्नो समय खर्चगरी यस कार्यमा धेरै सहयोग गरेकोमा कृतज्ञ छु । त्यसैगरी यस कार्यमामलाई हरबखतकामगर्न उक्साइकामगर्ने उचाइमा पुऱ्याउनु हने मित्रभावना बुढाथोकी, मेरी बहिनीमुनाप्रतिहार्दिक धन्यवादव्यक्तगर्दछु । यो अध्ययनपत्रतयार गर्न यो उचाइमाल्याइतयार गर्न झकझकाइमार्ग देखाउनु हुने सबैलाई हर्दिक आभार तथाधन्यवादव्यक्तगर्दछु ।

अन्त्यमा प्रस्तुतअध्ययनपत्रआवश्यकमूल्याङ्कनको लागित्रिभुवनविश्वविद्यालयमानविकीतथा सामाजिकशास्त्र नेपाली केन्द्रीयविभागकीर्तिपुर समक्ष प्रस्तुतगर्दछु ।

अध्ययनकर्ता

उषा गुरूङ

त्रि.वि. रजिष्ट्रेशन नं. २०३-८२

परीक्षाक्रमसंख्या : ९६२०१६२

शैक्षिक सत्र : २०७१

मिति : २०७५/०२/१८

## विषयसूची

### पहिलो परिच्छेद

अध्ययनपत्रको परिचय १-५

१.१ विषयपरिचय १

१.२ समस्याकथन १

१.३ अध्ययनपत्रको उद्देश्य ३

१.४ अध्ययनकार्यको औचित्य ३

१.५ पूर्वकार्यको समिक्षा ४

१.६ सामग्री सङ्कलनविधि ४

१.७ अध्ययनको सीमाङ्कन ४

१.८ सामग्रीविश्लेषण विधि ४

१.९ अध्ययनपत्रको रूपरेखा ५

### दोस्रो परिच्छेद

झापाजिल्ला र झापाजिल्लाको उत्तरपश्चिमीभेगमा सङ्क्षिप्त परिचय६-२४

२.१ झापाजिल्लाको सङ्क्षिप्त परिचय ६

२.२ झापाजिल्लाको नामकरण ७

२.३ झापाजिल्लाको उत्तरपश्चिमीभेगको सङ्क्षिप्त परिचय ७

२.४ उत्तरपश्चिमीभेगकोसम्पदा र वर्तमानअवस्था ९

२.५ सामाजिकअवस्था १०

२.६ साँस्कृतिकअवस्था १०

२.७ राजनैतिकअवस्था ११

२.८ धार्मिक अवस्था ११

२.९ आर्थिक अवस्था २३

२.१० भौगोलिकअवस्था २३

## तेस्रो परिच्छेद

झापाजिल्लाकाउत्तरपश्चिमी भेगमाप्रचलितलोककथाहरू २५-३३

३.१ विषयप्रवेश २५

१. खरानीको व्यापार २६

२. गोठाला राजाको निसाफ २७

३. छट्टु केटो २९

४. छट्टु स्याल र किसान ३०

५. बुढाका दिनफर्किए ३१

६. माटोको भाँडो र बुढा बा ३२

७. लाटो बुढो र चोरहरू ३३

## चौथो परिच्छेद

सङ्कलितलोककथाहरूको वर्गीकरण र विश्लेषण ३४-३८

४.१ सङ्कलितलोककथाहरूको वर्गीकरण ३४

४.१.१ मानिस र पशु सम्बन्धीलोककथा ३५

१. छट्टु स्याल र मूर्ख किसान ३५

४.१.२ सामाजिकलोककथाहरूको विश्लेषण ३५-३८

१. खरानीको व्यापार ३५

२. गोठाला राजाको निसाफ ३६

३. छट्टु केटो ३६

४. बुढाका दिनफर्किए ३७

५. माटोको भाँडा र बुढा बा ३७

६. लाटोमान्छे र चोरहरू ३८

पाँचौं परिच्छेद

सारांश र निष्कर्ष ३९-४१

५.१ सारांश ३९

५.२ निष्कर्ष ४०

सन्दर्भ सामग्री सूची

# पहिलो परिच्छेद

# अध्ययनपत्रको परिचय

## १.१ विषयपरिचय

नेपालीसाहित्यमा लोककथाको आफ्नै मह,वपूर्ण स्थान रहेको पाइन्छ । लोककथा भन्ने बित्तिकै यो लोक जीवन शैलीसँग सम्बन्धित रहेको हुन्छ ।यो खासगरी अनुश्रुति परम्पराबाट प्रारम्भ भएको मानिन्छ । यो मानव समाजमा निकै पुरानो नै मानिन्छ । खासगरी लोककथाले मानिसलाई मनोरञ्जन प्रदान गर्छ । यसको मुख्य उद्देश्य भनेको नैतिक शिक्षा र मनोरञ्जन प्रदान गर्नु नै हो । हाम्रो समाजमा विभिन्न किसिमका लोककथा भन्ने र सुनाउने प्रचलन छ । जस्ता पौराणिक, अद्भुत घटना, भूतको अपत्यारिला कथा दैंत्य दानव, पशुपन्छी, भगवानको आदि विभिन्न खाले कथा श्रवण गर्ने र भन्ने गरिएको पाइन्छ । यस्ता लोककथाबाट समाजमा नैतिक शिक्षा, साँस्कृतिक रहनसहन, धार्मिक, साथै सामाजको विभिन्न कुराको बारेमा ज्ञान प्राप्त हुन्छ ।

यस्तै खाले लोककथा भन्ने र सुनाउने प्रचलन झापा जिल्लामा बसोबास गर्ने एक पुरानो जाति राजवंशीहरूमा पाइन्छ । यस जातिका मानिसझापाका उत्तर पश्चिम क्षेत्रमा बसोबास गर्दै आएका छन् । ती जातिमा पनि अनेक प्रकारका लोककथा प्रचलनमा आएको पाइन्छ । यहाँ ती जातिहरूकै विशेषमनोरञ्जन र शिक्षा प्रदान गर्ने लोककथाहरूको अध्ययन र विश्लेषण नै यस अध्ययनपत्रको मुख्य विषय रहेको छ

## १.२ समस्याकथन

नेपाल एक बहुजाति, भाषा, धर्म, संस्कृति भएको मुलुक हो । यो देशमा विविध जातजातिका मानिस बसोबास गर्ने भएकोले यहाँको रीतिरिवाज चालचलन,भेषभुषा, साँस्कृतिक परम्परा पनि फरकफरक पाइन्छ । त्यसरी नै यहाँ लोक संस्कृतिले पनि आफ्नो ठाउँ ओगट्न राम्रो मलजल पाएको छ । त्यसैले यहाँका जनजीवनमा लोकभाका, लोकगीत, लोकगाथा, लोककथाले राम्रो स्थान पाएको छ । यसप्रकार यो लोककथाको लागि यहाँ एक जाति राजवंशीहरूको बाहुल्यता भएको कारण साथै यी जाति यहाँका आदिवासी पनि भएकाले

उनीहरूको समाजमा प्रचलित लोककथाहरू संगालेर यस अध्ययनपत्रमा समावेश गर्ने जमर्को गरिएको छ ।

झापामा वसोवास गर्ने जनजातिहरू मध्ये राजवंशी जाति पनि एक हो । यो जाति जिल्लाका विभिन्न स्थानमा छरिएर बसेका छन् । अल्पसंख्यक जातिमा पर्ने यो जातिको मुख्य पेशा खेतीपाती नै हो । राजवंशी जाति भारत आसामको त्रिपुरा गुहाल्पाडा जिल्ला प्रगन्ना सिग्नाबाट नेपालमा आई बसोवास गरेका हुन्भन्ने भनाई रहेको छ । अर्को भनाइ के छ भने विक्रम सम्वत शुरु हुनु भन्दा एक हजार वर्ष पहिले पूर्वी भारतबाट एकहूल वोडो जाति यहाँ प्रवेश गरेका थिए । उनीहरू व्रम्हपुत्रको मैदानमा फैलिएर बसेका थिए ।

त्यहीबाट फैलिदै गएको एक अंश झापासम्म आई बसोबास गर्न थाले भन्ने भनाइ प्रचलित छ । कोचहरू कामरूप भन्ने ठाउँबाट आएका हुन्भन्ने भनाइपनि छ । म्बतियल का अनुसार यिनीहरुलाई द्रविड वंशका भुइया परिवारका अनार्य भन्दछन् । जातको एकदमै शुद्ध श्रेणी हुँ भनेर आफूलाई ठान्ने यी राजवंशी आफूलाई महाभारतको युद्धसँग गास्न पुऱ्याउछन् । भीमसेनले किच्चकलाई बध गरेको ठाउँ किच्चकवध (हाल पृथ्वीनगर ४ झापामा पर्दछ) मा रहेको थुम्की किच्चकहरूको राज्य थियो र सो राज्यको राजा कोच थिए । यी राजवंशी जातिहरू राजवंशी जाति बन्नुभन्दा पहिले कोचे जातिका रूपमा चिनिन्थे तथा यिनीहरू तराईका पुराना जातिहरू हुन्। यो जातिको मुख्य संस्कार हिन्दू धर्मसँग मिल्दा जुल्दा छन्।

यो जातिमा पुरुषको भन्दा महिलाको भूमिका बढी हुन्छ ।तराईका बासिन्दा भएकाले पातलो लुगा लगाउँछन्। महिलाहरू कहीं नसिलाएको पेटानी लगाउँछन् ।महिलाहरूको गलामा बिच्छा,चांदीको हसुली, गोतमाला, चन्द्राहार र नाकहार जस्ता गहनाहरू लगाउँछन् । यो जातिको बसोबास जिल्लाका सवै क्षेत्रमा पाइए तापनि विशेष गरेर जिल्लाको मध्य तथा दक्षिणी भेगमा बढी छ । यो जाति खास गरेर भद्रपुर, पथरिया, अनारमनी, काँकरभिट्टा,हल्दिबारी,गौरीगन्ज, घैलाडुव्वा, बनियानी, वैगुन्धुरा, राजगढ, आदि ठाउँमा वढी केन्द्रीत भएको देखिन्छ । यिनको जनसंख्या ७३,३८२ रहेको छ ।

यी जातिका समुदाय झापा जिल्लाको उत्तरपश्चिम भेगमा बसोबास गर्नेको संख्या अधिक भएकोले यहाँ त्यस जातिमा प्रचलित लोककथाहरूको अध्ययन तथा विश्लेषणमा अध्ययनपत्र केन्द्रीत रहेको छ । यसका समस्याहरू निम्नलिखित छन् :

१. झापा जिल्लाको उत्तरपश्चिम भेगमा बसोबास गर्ने राजवंशी जातिमा प्रचलित लोककथाहरू के कस्ता छन् ?

२. सङ्कलितलोककथाको वर्गीकरण र विश्लेषण के कसरी गर्न सकिन्छ ?

## १.३ अध्ययनपत्रको उद्देश्य

यस अध्ययनपत्रको उदेश्य निम्नानुसारका छन् :-

१. झापा जिल्लाको उत्तर पश्चिमी भेगमा रहेका राजवंशी लोककथाहरूको सङ्कलन गर्नु ।

२. सङ्कलित लोककथाहरूको वर्गीकरण र विश्लेषण गर्नु ।

## १.४ अध्ययनको औचित्य

हाम्रो नेपाली साहित्य अन्तर्गत लोकसाहित्यको आफ्नो छुट्टै अस्तित्व रहेको पाइन्छ । लोकसाहित्यमा आफ्नो मौलिक परम्परा उजागार हुने भएकाले सबै वर्गकालागि यो निकै चासोको विषय पनि हो । यो लोककथाले आफ्नै मौलिक परम्परा बोकेको हुनाले यस विषयमा सबै वर्गका मानिसलाई साथै विद्यार्थीहरूलाई पनि त्यत्तिकै चासोको विषय हुन्छ । त्यसैले यस विषयलाई त्रिभुवन विश्वविद्यायलले नेपाली विषय अन्तर्गत  स्नातकोत्तर तह दोस्रो वर्षको दशौं पत्रमा समावेश गरिएकोले अझ यसको छुट्टै मह,व रहेको कुरा छर्लङ्ग हुन्छ । यसैगरी विद्यार्थीहरूको लागि पनि यो लोककथा मनोरञ्जन र रोचक हुने भएकोले त्यसै रमाइलो विषय ठहरिन्छ । त्यसकारण यहाँ अध्ययनपत्रमा पनि झापा जिल्लाको उत्तरपश्चिम भेगका राजवंशी जातिका लोककथा सङ्कलन र गहन अध्ययन गरिएकाले यसको औचित्य र मह,व अझ बढ्न पुगेको छ ।

## १.५ पूर्वकार्यको समीक्षा

नेपाली लोककथाको अध्ययन र सङ्कलनको इतिहास निकै पुरानो देखिन्छ ।मानव समाजको विकाससँगै लोककथाको पनि विकास भएको हो । हाम्रो देश बहुभाषा, बहुजाति, बहुधर्म भएको मुलुक हो । त्यसैले यहाँको लोकसंस्कार र संस्कृति पनि निकै पुरानो नै देखिन्छ । परम्परादेखि नै यहाँ मानिसहरूले अनेक प्रकारका लोककथाहरू प्रचलनमा सुन्दै सुनाउँदै आएको पाइन्छ । यस अध्ययनपत्रमा पनि झापा जिल्लाको उत्तरपश्चिमी भेगका राजवंशी जातिमा प्रचलित लोककथाहरू सङ्कलन गरी त्यसको वर्गीकरण गर्ने प्रयास गरिएको छ । यस भेगका लोककथाहरू श्रवण गरेर त्ससको वर्गीकरण साथै समीक्षा पनि गर्ने जमर्को गरिएको छ ।

## १.६ अध्ययनको सीमाङ्कन

नेपाली लोकजीवनको प्राचीन सम्पदाको रूपमा महत्वपूर्ण विधाको रूपमा लोककथालाई मानिन्छ । नेपाली जातिको उत्पत्ति जति प्राचीन छ त्यस्तै यो लोककथा पनि त्यति नै प्राचीन छ । प्रस्तुत अध्ययनपत्रले झापा जिल्लाको उत्तर पश्चिमी भेगका राजवंशी जातिको लोककथाको संरक्षण गर्न र विश्लेषण गर्नु नै यसको अध्ययन कार्यको सीमाङ्कन रहेको छ ।

## १.७ सामग्री सङ्कलन विधि

प्रस्तुतविषयको अध्ययनका लागि सामग्रीहरू सङ्कलन गर्ने क्रममा विभिन्न व्यक्तिहरूसँगको प्रत्यक्ष कुराकानीको विधि, पुस्तक अध्ययन विधिको प्रयोग, सूचना प्रविधि सामग्री सङ्कलनमा प्रयोग गरिएको छ । कथाहरू सङ्कलनको क्रममा सम्बन्धित क्षेत्रको गाउँघरमा प्रत्यक्षँरूपमा सहभागी भई कथा भन्ने मानिसहरूसँग प्रत्यक्षँ रूपमा कथाहरूलाई सुनाइ सङ्कलन गर्ने काम क्षेत्रीय अध्ययन विधि राखिएको छ ।

## १.८ सामग्री विश्लेषण विधि

प्रस्तुत अध्ययनपत्रमा संकलित सामाग्रीको विश्लेषणको लागि सैद्धान्तिक आधारमा रही निगमात्मक विधिको प्रयोग गरिएको छ ।

## १.९ अध्ययनपत्रको रुपरेखा

प्रस्तुत अध्ययनपत्रको रूपरेखा निम्नअनुसार तयार पारिएको छ :

पहिलो परिच्छेदः अध्ययनपत्रको परिचय

दोस्रो परिच्छेदः झापा जिल्लाको सङ्क्षिप्त परिचय

तेस्रो परिच्छेदः  झापा जिल्लाको उत्तरपश्चिमी भेगमा सङ्कलित लोककथाहरू

चौथो परिच्छेदः सङ्कलित लोककथाहरूको वर्गीकरण र विश्लेषण

पाँचौं परिच्छेद :सारांश तथा निष्कर्ष

सन्दर्भ सामग्रीसूची

# दोस्रो परिच्छेद

## झापा जिल्ला र झापा जिल्लाको उत्तरपश्चिमी भेगमा सङ्क्षिप्त परिचय

### २.१ झापा जिल्लाको सङ्क्षिप्त परिचय

पूर्वाञ्चल विकास क्षेत्र (हाल प्रदेश नं. १) मा पर्ने झापा जिल्ला मेची अञ्चलमा पर्दछ । मेची अञ्चलका चारवटा जिल्लाहरू मध्ये झापा पनि एक हो । नेपालको मानचित्रमा झापा जिल्लाको फैलावट २६.२०" देखि २६.५०"उत्तरी आक्षांश र ८७.३९" देखि ८८.१२" पूर्वी देशान्तर सम्म रहेको छ ।(स्रोत : www.ddcjhapa,gov.np)

यसको क्षेत्रफल १६०६ वर्ग कि. मि., औसत लम्बाई ४६ कि. मि. पूर्व पश्चिम, औसत चौडाई २९ कि. मि. उत्तर रहेको छ । यस जिल्लाको उचाइ समुद्र सतहदेखि करिब ५८ मि. देखि ५०० मि. सम्म रहेको छ । नेपालको सबैभन्दा होचो भाग पनि यसै जिल्लामा पर्दछ । यस ठाउँको नाम केचनाकनल हो ।यस जिल्लामा अधिकाशं दुर्गम क्षेत्रहरू छन् । यस जिल्लाका दुर्गम क्षेत्रहरूमाजलथल, पथरी, बालुबारी, गोलधाप, चकचकी, गौरीगन्ज, राजगढ, शिवगन्ज,पृथ्वीनगर, बनियानी, महाभारा, बैगुनधुरा, घेराबारी, डाँगीबारीआदि दक्षिण पश्चिम क्षेत्र अन्तर्गत रहेको छ । यस जिल्लाको जनसंख्या वि.स. २०६८ अनुसार जम्मा ८,१२,६५० रहेको छ ।हाल यस जिल्लामा ८ नगरपालिका र ७ संसदीय निर्वाचन क्षेत्र, १७ इलाकाहरू रहेको छ ।यस जिल्लाको पूर्वमा भारतको बंगाल र बिहार पर्दछ भने पश्चिममा मोरङ र उत्तरतिर इलाम जिल्ला पर्दछ । (स्रोत :www.ddcjhapa.gov.np)

यस जिल्लामा विभिन्न प्रकारका जातजाति भाषाभाषी बसोवास गरेको पाइन्छ । बाहुन, क्षेत्री, लिम्बू, राई, गुरूङ,मगर, तामाङ, कोचे, मेचे, सतार, धिमाल, थारू, ताजपुरिया, राजवंशी, कामी, दमाइ, बङ्गाली, मुसलमान आदि विभिन्न जातजातिका मानिस बसोबास गरेको पाइन्छ ।२०६८ सालको जनगणना अनुसार ११० जाति र ९० भाषाभाषीहरू रहेको छ । यस जिल्लामा हरेकको आ-आफ्नै संस्कृति परम्परा चाडपर्व आदिले गर्दा योजिल्लामा बर्षभरि नै चाडपर्वले रमाएको हुन्छ ।

ऐतिहासिक तथा धार्मिक हिसाबले यो झापा जिल्ला पनि निकै मह,वपूर्णरहेको देखिन्छ । यस जिल्लामा प्राचीनकालदेखिको मठ मन्दिरहरू पनि रहेको छ । यस्ता ऐतिहासिक तथा धार्मिक मन्दिर र पोखरीहरूमा किच्चकबध, विराट पोखरी, सतासी धाम, कन्काई धाम कोटी होम, अर्जुनधारा, दोमुखा, धनुषकोटधाम  आदि रहेका छन् । यसरी हेर्दा झापा जिल्लामा सुन्दर धार्मिक तथा पर्यटकीय स्थलहरू पनि रहेका छन् । (स्रोतः www.ddcjhapa.gov.np)

## २.२ झापा जिल्लाको नामकरण

पहिले झापा जिल्लाको सम्पूर्ण प्रशासनिक कार्य मोरङ गोश्वाराले हेर्ने गर्दथ्यो । केही कालपछि उक्त मोरङ गोश्वारा हालको कुमारखोद गाविस अन्तर्गत पर्ने झापा गाउँमा सार्ने निधो भयो । निधो भएको केही महिनापछि नै यो मोरङ जिल्लामा भएको झापा जिल्लाको प्रशासनिक कार्य कुमारखोद अन्तर्गत पर्ने झापा बजारमा सारियो । हाल उक्त कुमारखोद गाविस झापा बजार नामले चिनिन्छ । कालान्तरमा बिस्तारै यस झापा गाउँको नामबाटै यस जिल्लाको नाम झापा रहन पुग्यो ।

यस जिल्लामा आदिवासी राजवंशीहरूको बसोबास निकै बढी थियो । राजवंशी जातिको बाहुल्यता भएको साथै झापा जिल्ला घना जङ्गलले ढाकिएको भूभाग थियो ।ती जातिले झापालाई जङ्गलले ढाकेको हुनाले उनीहरूको भाषामा झापा राख्न पुगेको हो । राजवंशी जातिमा ढकनीलाई झाप भन्ने भएकोले नै झापबाट झापा हुन पुगेको भन्ने भनाइ रहिआएको छ । यसरी नै झापा जिल्लाको नामकरण भएको हो ।
(स्रोत : फुलसिंह राजवंशी, राजवंशी भाषा प्रचार प्रसार समिति पूर्व अध्यक्ष झापा )

## २.३ झापा जिल्लाको उत्तरपश्चिमी भेगको सङ्क्षिप्त परिचय

मेची अञ्चलको चारवटा जिल्ला मध्ये झापा जिल्ला एक मह,वपूर्ण जिल्ला हो । यस जिल्लाको अधिकाशं भाग समथर भूभाग छ । यो क्षेत्र पूर्वाञ्चल विकास क्षेत्र(हाल प्रदेश नं. १) मा पर्दछ । यस जिल्लामा हाल ७ वटा नगरपालिका र ८ वटा गाउपालिका रहेको छ । यस जिल्लासँग जोडिएको जिल्ला इलाम र मोरङ हो । यस जिल्लाको सदरमुकाम भद्रपुर हो ।

यस क्षेत्रमा शिक्षा, स्वास्थ्य, विद्युत,सञ्चार र केही उद्योगहरू उपलब्ध हुन सकेको छ । तापनि पक्की सडकको भने राम्रो सुधार हुन सकेको अझ छैन । यहाँ उच्च शिक्षा अध्ययन गर्नका लागि सहज नै देखिन्छ । जातिगत दृष्टिकोणले हेर्दा यहाँ बहुजाति बसोबास गर्दछन् । यहाँ बसोबास गर्ने जातिहरूमा ब्राह्मण, क्षेत्री, तामाङ, गुरूङ, राजवंशी, सतार विहारी मूलका आदि मानिसहरू निकै भेटिन्छ ।

आर्थिक, पेशागत र व्यवसायिक आधारमा हेर्दा यो क्षेत्र राम्रै देखिन्छ । यस क्षेत्रमा हाल चिया खेती निकै फस्टाउँदो अवस्थामा छ । चिया खेतीका साथै चिया उद्योगहरू पनि त्यत्तिकै मात्रामा बढ्दै गएको अवस्था छ । यसका साथै यस क्षेत्रमा अन्य उद्योगहरू जस्तै प्लास्टिक फ्याक्ट्री, ग्याँस उद्योग, पानीका भाँडा उद्योग आदि विभिन्न उद्योगहरू धमाधम फस्टाउँदो अवस्थामा छ । धान खेतीकोलागि यो क्षेत्र राम्रो देखिन्छ । यहाँ अधिकाशं मानिस खेतीपाती गर्ने भएकोले साथै उब्जनी योग्य जमिन पनि भएकाले यहाँ धान खेती असाध्यै राम्रो हुन्छ । यहाँ बसोबास गर्ने मानिसहरूले प्रायः पक्की घर नै बनाएका छन् । कच्ची घर आजभोलि निकै कम नै देखिन्छ ।

हाल आएर यस क्षेत्रको जनसंख्या निकै वृद्धि भएको देखिन्छ । आप्रवासीहरूको संख्या पनि बढदै गएको अवस्था देखिन्छ ।त्यसैगरी युवा जमातको विदेशतिर जानेको संख्यामा पनि वृद्धि भइरहेको देखिन्छ । विदेशीनु पनि ठूलै समस्याको रूपमा पाइन्छ । यस क्षेत्रमा हाल सबै धर्म मान्ने मानिसहरूको बसोबास भएको देखिन्छ । हिन्दू, बौद्ध, मुश्लिम, क्रिश्चियन आदि धर्म मान्नेहरू पाइन्छन् । सबै धर्म मान्ने मानिसहरूमा धार्मिक सहिष्णुता पाइन्छ । समग्रमा हेर्दा यस क्षेत्रका मानिस प्रायः सबै शिक्षित नै देखिन्छन् । शिक्षाको पहिलो झुल्का पूर्वमा देखिएकोले पनि यसो भएको होला भन्न सकिन्छ ।

क्षेत्रफल र जनसंख्याको हिसावमा क्रमशः सतचालिसौँ र चौथो स्थानमा पर्ने यो जिल्ला मानवीय विकासको आधारमा सातौ स्थानमा रहेको छ । उत्तरमा २६°२०" देखि २६°५०" अक्षांस सम्म र पूर्वमा ८७°३९" देखि ८८°१२" देशान्तर सम्म फैलिएको छ । यो भेग समुद्र सतहबाट ५८ मीटर देखि ५०० मीटर सम्मको उचाईमा अवस्थित छ । नेपालको सवभन्दा होचो भाग कचनकवल यसै जिल्लाको केचना गाविस वडा नं. ३ मा पर्दछ र नेपालको सवैभन्दा

लामो पक्की कन्काई पूल (७०३ मीटर लामो) यसै क्षेत्रमा रहेको छ ।( स्रोत :www.ddcjhapa.gov.np.)

धान र चियाको लागि समेत यो क्षेत्र राष्ट्र कै अग्रस्थानमा रहेको छ । साथै वंगालबाट वहने मनसुनी वायुको कारणले यहाँ  धेरै वर्षा हुने गर्दछ । जम्मा क्षेत्रफल १६०६ वर्ग किमी भएको यस जिल्लाको पूर्व-पश्चिम लम्वाई ४६ कि.मि. र उत्तर-दक्षिण सरदर चौडाई २९ किमी छ । साल, सिसौ, टिक, करम, सिमल, जामुन जस्ता वनस्पति पाइने सदावहार जंगल यहाँ पाइन्छ । वढ्दो जनसंख्याको चापदाउराको अधिकतम प्रयोगको कारणले यहाँको जंगल क्षेत्र क्रमशः घट्दै गईरहे को छ । उत्तरमा चुरे क्षेत्र र दक्षिणमा भारतको समथर क्षेत्रले घेरेको यस जिल्लामा हिउँदमा चिसो र गृष्ममा वढी गर्मी हुने गर्दछ ।
(स्रोत : www.ddcjhapa.gov.np.)

यहाँहिन्दूहरू आफ्ना दशैं, तिहार धुमधाम मनमउँछन् भने यहाँ मुस्लिमहरू आफ्ना इद,बकरिद धुमधामसँग मनाउँछन् । अन्य जातजातिका मानिसहरूले आफ्ना आफ्ना चाडपर्व रमाइलो गरी नै मनाउने प्रचलन छ । एक धर्म मान्नेले अर्को धर्म मान्ने मानिसलाई कुनै अवरोध भने पुऱ्याउदैनन् । यहाँ बसोबास गर्ने मानिसहरूमा धार्मिक सहिष्णुता भेटिन्छ । यो नै यस ठाउँको मुख्य विशेषता हो ।(स्रोतः www.ddcjhapa.gov.np)

## २.४ उत्तरपश्चिमी भेगको सम्पदा र वर्तमान अवस्था

यस भेगमा विभिन्न सम्पदाहरू प्रशस्त भेटिन्छ । प्राकृतिक स्रोत र साधनले देश सम्पन्न भएको कुरा यहाँ भेटिएका विविध प्रकृतिले नै साबित गर्दछ । त्यसैले यस जिल्लामा पनि हराभरा वन जङ्गलदेखि लिएर खोला नाला मठ मन्दिर खेती योग्य जमिन जस्ता अनेक सम्पदाले पूर्ण रहेको यो झापा जिल्लालाई सही तरिकाले परिचालन गर्न सके र प्रयोगमा ल्याउन सके निकै प्रभावकारी हुन सक्छ । यसको प्रशस्त सम्भावना देखिन्छ ।(स्रोतः www.cbs.gov.np)

## २..५ सामाजिक अवस्था

यस भेगका अधिकांश क्षेत्र तराई भूभाग भएकोले यहाँ उत्पादनको दृष्टिकोणले खेती योग्य भूमि प्रशस्त छन् । हावापानीको दृष्टिले हेर्दा यहाँ मनसुनी हावापानी पाइन्छ । यस जिल्लाको मानिसहरूको मुख्य पेशा कृषिमा धान, चिया, तरकारी खेती, पशुपालनमा मानिसहरू लागेका छन् । यस भागमा विभिन्न जातजातिका मानिसहरू बसोबास गरेका छन् । विविध जातजाति आपसमा मिलेर बसेका छन् । सबै जात, धर्म, संस्कृति मान्ने भए पनि आपसमा मेलमिलाप नै कायम रहेको छ । दिने मन भएका मानिसहरूको यहाँ कमि छैन । परोपकारी भावना भएकाहरूले यहाँका मठ, मन्दिर, विद्यालय, पाटी पौवा लगायत अन्य विविध विकासका काम गरेका छन् । सेवामूखी भावना भएकाले यहाँ आपत विपतमा एकले अर्काको सहयोगमा सहभागिता गर्ने गरेका पाइन्छ । यस भेगका विभिन्न संघ, संस्था, सरकारी निकाय, नागरिक समाज, राजनैतिक दल सधैँ क्रियाशील भएर काम गर्दछन् । वास्तवमा भन्नु पर्दा यहाँ कसैले पनि भेदभाव नराखी स्वच्छ र पवित्र मनले सधैँ समाजको हित हुने कार्यमा एकजुट भएर लागि परेका छन् ।

(स्रोतः www.ddcjhapa.gov.np)

## २.६ सांस्कृतिक अवस्था

यस भेगमा विविध भाषाभाषी, जातजाति, संस्कृति, भेषभुषा, रीतिरिवाज, चालचलन भएका मानिसहरूको बसोबास गर्ने थलोको रूपमा मानिन्छ । यस्तो विविध संस्कृति भएका मानिसहरूले आफ्नो मौलिक परम्परालाई भने अझै छाडेका छैनन् । यहाँका स्थानीय सतार जातिले चाडपर्वमा देखाउने झाँकी नाच सारै रोचक हुन्छ ।

त्यसैगरी राजवंशी जातिहरूले बैशाख नयाँ वर्षमा हिलो खेलेर मनाउँछन् । हिजो आज मानिसहरूमा अरूको देखेर त्यही गर्ने र सिक्ने परम्पराको चाहीँ निकै विकास हुदै गइरहेको पाइन्छ । त्यसैगरी अलि हुनेखानेको ढाँचागाँचामा पनि निकै परिवर्तन देखिन थालेको छ । एकातिर प्रतिस्पर्धाको संस्कृति मौलाइरहेको आभास पाइन्छ जुन कुरो समाजकोलागि घातक सिद्ध हुन्छ ।आजभोलि सम्पन्नहरूले विवाह, व्रतबन्ध जस्ता कार्यमा अध्याधिक धनराशी खर्चिन्छन् । तर आफ्नो मौलिक परम्परादेखि चलिआएको संस्कृति लोप हुन दिनु हुन्न भन्ने मान्यता राख्न सके असल समाजको विकास हुन सक्छ ।(स्रोतः www.ddcjhapa.gov.np)

## २.७ राजनैतिक अवस्था

जुनसुकै देशको राजनैतिक अवस्थाले त्यस देशको हरेक भाग र क्षेत्रलाई प्रभाव पारेको हुन्छ । देशको सिङ्गो विकासको मूलधार नै त्यस देशको राजनीति हो । राजनीति भन्नाले त्यस देशको राजनैतिक दल हो ।

यस भेगको राजनैतिक अवस्थाको कुरा गर्ने हो भने यस क्षेत्रको मानिसहरू पनि विभिन्न राजनैतिक आस्था बोकेका दलहरू रहेका छन् । देशमा आएको समयानुसारको राजनैतिक परिवर्तनले यहाँपनि बहुदलिय प्रतिस्पर्धाको राजनीतिले बलियो जरा गाडेको छ । यहाँका राजनीतिक दलहरू विच निकै कडा प्रतिस्पर्धा भएको पाइन्छ ।

देशको विकास गर्न राजनैतिक दलमा एक रूपता आउनु पर्दछ । मिलेर काम गरे मात्र देशको विकास सम्भव छ । कहिलेकहीँ यहाँका राजनैतिक दलहरू बिच मनमुटाव, आपसमा दलहरूका सहमती जुट्न कठिन अवस्थामा सानातिना झै झगडा जस्ता समस्याहरू नदेखिएको होइन ।

जे जस्तोभएपनि सबै जनप्रतिनिधिहरू आपसमा मेलमिलापको नीति लिएर अगाडि बढे अवश्य देश विकासको कार्यमा टेवा पुग्ने कुरा नकार्न सकिन्न । यस क्षेत्रको विकासको लागि यी राजनीतिक अवस्थाले ठूलो भूमिका खेलेकोछ ।

सकरात्मक सोच लिएर लोकतान्त्रिक व्यवस्थामा यस्ता राजनैतिक दलहरूले सबै जनताको विश्वास जित्न सके मात्र क्षेत्रको अविलम्ब विकासका सुत्रधारमा सुधार हुने छ । त्यसैले यस क्षेत्रका राजनैतिक दलहरू सही ढङ्गले विकासका काममा लाग्न सके उत्तम हुनेछ ।

## २.८ धार्मिक अवस्था

यस क्षेत्रमा विभिन्न धर्म मान्ने मानिसहरूको बाहुल्यता पाइन्छ । यहाँ विविध जातजातिका मानिसहरूको बसोबास भएकोले आ-आफ्नो धर्म मान्नु स्वभाविक हो तर आपसमा सबैले सबैको धर्मप्रति सम्मान गर्न नै यहाँको मानिसहरूको विशेषता हो ।

**अर्जुनधारा धाम** : पूर्वको पशुपतिनाथ भनेर परिचित अर्जुनधारा धाम झापा जिल्लाको अर्जुनधारा गाविस-४ मा रहेको छ । अर्जुनधारा जलेश्वरधाम विर्तामोडबाट लगभग ५ कि.मि. उत्तर को दूरीमा वस, ट्याक्सी आदि चढेर पुग्न सकिन्छ । माहाभारत कालमा पाण्डवहरू गुप्तबास बस्दा लुकेर वसेको ठाउँ दुर्योधन लगायत कौरवहरूले पत्ता लगाई पाण्डवहरूको गुप्ताबास भंग गर्न विराट राजाका नौ लाख गाईहरू हरण गरी लगेकोले कौरवहरुले गाई हरण गरेको स्थान गौ हरण भएको र सो नाम अपभ्रंश भई गोरुवा हुदै गरुवा भएको ।

गौहाट्ी (हाल आसाम राज्यको गुहाटी) पुरयाएका थिए । पाण्डव पक्षका वीर योद्धा बृहन्नला (नपुंसक) को रुपमा लुकेर वसकोअर्जुनले लुटिएका गाईहरू कौरवहरू सँग युद्ध गरी फिर्ता ल्याउँदा अत्यन्तै तिर्खाएकालेजलदेवता भगवान शिवको आरधना गरी जमिनमा प्रर्जन्य अस्त्र (पानी निकाल्ने यन्त्र) प्रयोग गरी वाणको माध्यमले पानी निकाली गौमातालाई खुवाएको र त्यो पानी निरन्तर धाराको रूपमा वगिरहेकोले यस स्थानको नाम अर्जुनधारा धाम रहन गएको किवदन्ती छ ।

यस धामको १२ कि.मि. दक्षिणमा विराट राजाको पोखरी विराट पोखर रहेकोछ । जाड रक्सी र धुम्रपान समेत निषेधित गरिएको अर्जुनधारा क्षेत्र परिसर भित्र अर्जुनले वाण हानी पानी निकालेको प्राचीन पोखरी र पोखरीको वीचमा अर्जुनले गाइलाई पानी ख्वाईरहेको मूर्ति स्थापित गरिएको छ । सातकुने उक्त पोखरीको दक्षिण तर्फ पन्च धातुबाट निर्मित ५ वटा धाराहरूबाट निरन्तर चिसो पानी वगिरहन्छ भने पोखरीभित्र विभिन्न जातका रंगी विरगीं माछाहरूपाइन्छन ।२०५५ सालमा हुलाक टिकटमा समेत अंकित अर्जुनधारा क्षेत्रमा प्रत्येक वर्ष लाखौं स्वदेशी तथा भारतीय तीर्थ यात्रीहरूले भ्रमण गर्ने गरेको पाइन्छ ।

यस धामको परिसरमा शिव, गणेश, नाग, हनुमान, सरस्वती आदि देवी देवताका मूर्तिहरूका अतिरिक्त विवाह, कर्मकाण्ड, यज्ञकक्ष, क्रियापुत्री कक्ष, धार्मिक कार्यक्रम वाचन तथा श्रोता कक्ष आदिको स्थापना गरिएको पाईन्छ । यो धाम पूर्वीय दर्शनमा आधारित एवं संस्कृत शिक्षाबाट प्रभावित रहेको छ । यसको परिसर भित्र रहेको सस्कृत मा.वि. नेपाल सरकारको शिक्षा नीति अनुसार संचालित वेद विद्यापीठ हो । कालिका स्थानको गार्गी विद्यापीठ भने गुरुकुल शिक्षा पद्धतिमा आधारित छ । अर्जुनधारा परिसरभित्र संचालित वेद विद्यापीठमा

व्राम्हणका अतिरिक्त दलित जातका विधार्थीहरूलाई समेत पढाउने गरीएको छ । यस धाममा प्रत्येक वर्ष बालाचतुर्दशी, श्रावण महिनाभर विभिन्न धार्मिक अवसरहरूमा देशभित्रका तथा भारतबाट समेत आउने भक्तजनहरूको घुइँचो लाग्ने गर्दछ ।(स्रोतः www.ddcjhapa.gov.np)

**किच्चक बधः** झापाको सदरमुकाम चन्द्रगढीबाट लगभग १० किलोमिटर दक्षिण गएपछि उच्च लाग्ने सगरमाथा डाडामा पुगिन्छ।सगरमाथाकै लगभग १ किलोमिटर पूर्व दक्षिणमा पुगेपछि एउटा आकर्षक स्थल छ। जसले जो कोहीको सहजै मन लोभ्याउँछ। अनि एकैछिन त्यहाँस्थित डाँडामा बसेर देवनिया र मेची किनारको पानीसँग लुकामारी खेल्नुको बेग्लै आनन्द हुन्छ । यो धार्मिक तथा पर्यटकीय क्षेत्र किच्चकबध नामले चिनिन्छ ।

महाभारतकालीन कथाबस्तुसँग जोडिएको किच्चकबधमा पुगेपछि भीमसेनले किच्चकको बध गरे नजिकै रहेको एउटा सिमेन्टको चौतारो छ । त्यो चौतारामा तलतिर हेर्दा केही गहिरोमा षट्कोणको आकारमा रहेको आकर्षक पोखरी देखिन्छ त्यहाँ नजिकै बग्दै गरेको नेपाल-भारतको भूगोल छुट्याउने मेची नदी, किच्चकबधको वरिपरि रहेको देवी-देवताका मन्दिर तथा प्रतिमाहरू आदिका कारण निकै मनमोहक लाग्दछ,किच्चकबध । पीर र ब्यथाले आक्रान्त बनेर एकैछिन बस्न गएको ब्यक्ति होस् वा पर्यटकीय आनन्द लिन पुगेको यात्री होस्-सबैलाई लोभ्याउँछ त्यहाँको सुन्दरताले अनि अलौकिक आनन्दको अनुभूति हुन्छ । लगभग १० विगाह क्षेत्रफलमा फैलिएको सो क्षेत्रको विकासका लागि थोर-बहुत पहल भएका पनि छन् ।

यद्यपि त्यसैलाई पर्याप्त मान्न सक्ने अवस्था भने छैन । महाभारतकालीन कथाको प्रसंङ्गसँग जोडिएको किच्चकबधको कथा भीमसेनले किच्चकलाई बध गरेको प्रसङ्गसँग जोडिन्छ । महाभारत कालीन कथा अनुसार विराट नामका राजा विराटनगरमा राज्य गर्थे, विराट राजाको दरवारमा किच्चक नामको सेनापति थियो । किच्चक विराट राजाको सालो पनि थियो । किच्चक शक्तिशाली पनि थियो र दुराचरी पनि थियो ।

विराट राजाको दरवारमा पाण्डवहरू विभिन्न छद्म नामले गुप्तबास वस्न पुगे त्यही वेलामा किच्चकको कुदुष्टि द्रौपदी माथि पर्‍यो । किच्चकको कुदृष्टिबाट द्रौपदीलाई जोगाउन पाँच पाण्डवमध्येका सवभन्दा वलशाली भीमसेन किच्चकसंग भिड्न कस्सिए । उनी युद्धकलामा

माहिर पनि थिए । भीमसेनले किच्चकको वध गर्न उसलाई खेद्न थाले यसरी खेद्दै जाँदा अर्जुनधारा, विराटपोखर हुँदै किच्चकबधमा पुग्दा किच्चकको घाँटी थिचेर भीमसेनले मारे त्यही स्थानलाई किच्चकबध भनियो भन्ने किंवदन्ती पाइन्छ ।

भीमसेनले किच्चकको बध गर्नासाथै सोही रगत पखाल्न उनले हानेको बाणले जुन ठाउँमा लाग्यो त्यही स्थानमा पोखरी स्थापना भयो भन्ने किंवदन्ती समेत रहेको छ । त्यसो त त्यसकै आसपासमा रहेका देवीदेवताका मन्दिर, प्रतिमा तथा ऐतिहासिक मह,व वोकेका धरोहरहरूले पनि पर्यटकलाई लोभ्याउँछन्, र धेरै बेर स्पर्श गरिरहुँ झैं बनाउँछन् । साथै त्यहाँ रहेका ठूल-ठूला वृक्षको मुनि बसेर सितल खाँदाको स्वर्गीय आनन्द अनुभव मात्र गर्न सकिन्छ, शब्द बर्णन अप्रयाप्त हुन्छ । नजिकै रहेको सो पोखरीमा नुहाएमा रोगब्याधबाट बच्न सकिन्छ भन्ने जनविश्वास समेत रहेको पाईन्छ ।

डांडोमा गएपछि अप्ठेरो भीरमा एउटा गुफा रहेको छ । गुफा भित्र शिवलिङ्ग जस्तो देखिने स्थान पनि छ । पाण्डवहरू गुप्तवासको समयमा भीमले लुकेर बस्ने ठांउ बनाएको विश्वास गरिने यस स्थानमा हतपत कोही पनि नजाने भए पनि कहिलेकही साधु- सन्तहरू भने बस्ने गरेको पाइन्छ । पूर्व-पश्चिम राजमार्गबाट केवल ५ कि मि को दूरीमा अवस्थित भए पनि यहांसम्म जने बाटोको राम्रो व्यवस्था भने हुन सकेको देखिदैन । यस अतिरिक्त विद्युत एवं भक्तजनहरूलाई आवश्यक सत्संग भवन समेतको व्यवस्था गरिएको खण्डमा मन्दिर क्षेत्रमा भ्रमण गर्ने तीर्थयात्रीहरूको संख्यामा वृद्धि हुनसक्ने देखिन्छ । यस मन्दिर क्षेत्रमा हाल पनि प्रशस्त मात्रामा बनभोज खाने समुहहरू आउने गरेको पाईन्छ । हिमालय पर्वतकी छोरी पार्वतीले उनको विवाह भगवान विष्णुसँग गरिदिन आटेपछि भागेर लुकेको ठाउँ भनी सतासीधामलाई लिने गरिन्छ ।

साथै पृथ्वीमा सुक्खा लागेपछि सतीदेवीले आफ्नो सयवटा आँखाबाट एकैचोटि अश्रुवर्षा गरी खोलो बगाउदा तिनै देवीको नामबाट सतासी हुदै सतासीधाम रहेको भन्ने धार्मिक विश्वास छ । झिलझिले बजारबाट लगभग ४ कि. मी. उत्तर चुरेपहाडको फेदीमा इलामको सिमानासंग जोडिएको यस स्थानमा रहेका प्राकृतिक मूर्तिका स्वरुपहरू, भित्तामा रहेका गाईका थुन आकारका प्रतीकहरू, सतासी खोलाको एक स्थानको बीच भागमा लगभग २० मिटरभित्र मात्र

निस्कने गन्धक-पानी, फेदीमा रहेका अन्य मूर्तिहरूले पनि यो स्थान धार्मिक र प्राकृतिक दृष्टिले रोमाञ्चकारी रहेको छ । यहाँ जानेभक्तजनहरू आफ्नो मनोकांक्षा पूरा हुने विश्वासले पूजा आराधना गर्दछन् । सतासीधाममा प्रत्येक वर्ष बालाचतुर्दशीको दिन शतबीज छर्नको निम्ति दर्शनार्थीहरूको घुइँचों लाग्ने गर्दछ । यसलाई पवित्र धार्मिकस्थल मानिन्छ ।

पृथ्वीनगर-५ र महेशपुर-३ को सीमामा पर्ने यस धार्मिक स्थलमा स्वस्थानी पूजा समापन पूर्णिमाको दिन प्रत्येक वर्ष मेला लाग्ने गरेको सो क्षेत्रमा अरूवेला भने त्यति धेरै पर्यटकहरू पुग्दैनन् । पर्यटककै सुविधाका लागि भनौ अथवा सो क्षेत्रमा पुग्ने सवैको सुविधाका लागि हाल सो क्षेत्रमा सार्वजनिक सौचालय, विजुली वत्ति, खानेपानी लगायतको व्यवस्था गरिएको छ । स्थानीय श्रोत साधन परिचालन तथा सहयोग जुटाएर पाहुनागृह, मन्दिर सञ्चालनकालागि कार्यालय व्यवस्थापन, कम्पाउण्ड घेराबारा गर्ने लक्ष किच्चकबध संरक्षण तथा व्यवस्थापन समितिले लिएको छ ।

त्यसो त त्यस क्षेत्रमा पुरातात्विक मह,वका थुप्रै ऐतिहासिक बस्तुहरू रहेको अनुमान समेत गरिएको छ। ती वस्तुहरूको उत्खननका लागि यसअघि सुरूवात गर्ने प्रयास गरिएको भए पनि वजेट अभाव, प्राविधिकको अभाव आदि विभिन्न कारणले उत्खनन्हुन सकेको छैन । उत्खनन गर्दा ८ कोठा भएको भवन फेला परेकोर फेला परेको भवनको तल्लो तहमा अर्कै छुट्टै भवनको आकृति फेला परेको छ भने उत्खनन गर्दा भेटिएको भवन मध्ये सवैभन्दा ठूलो कोठा २२ मिटर लामो छ । किच्चक वधको उत्खनन गर्दा पाइएका प्रमाणहरू दुई तहमा फेला परेको कारण त्यहा एउटा सभ्यताको विनास पछि अर्को सभ्यताको बसोवास रहेको अनुमान गरिएको छ ।

त्यस अघिको उत्खनन कार्यबाट सात मिटर अग्लो १२३ मिटर लामो सुरक्षा पर्खाल सहित मह,वपूर्ण सामग्रीहरू फेला परेको थियो ।त्यस पछि क्रमसः विभिन्न साइजका पर्खाल सुरक्षाकर्मी वस्ने भवन र माटाका भाडाँ फेला परेका थिए । फेला परेका सामग्रीहरूको अध्ययनले ती सामाग्रीहरू दुई हजार वर्ष पुरानो शुङ्गकुषाण कालको रहेको अनुमान गरिएको छ ।

देवनिया नदीको किनारमा रहेको सो क्षेत्र बर्षादको समयमा आएको भेलवाढीका कारण जुनसुकै वेला जोखिममा पर्न सक्ने अवस्था छ । गत वर्षवाट देवनिया नदीमा तटबन्ध बाँधेर सो क्षेत्रको संरक्षण गर्ने कार्यमा सरकारका तर्फबाट रकम विनियोजन गरी तटबन्ध निर्माणको कार्य प्रारम्भ भएको भएतापनि सानोतिनो रकम मात्रले यो कार्य पुरा हुने देखिदैन । यी विभिन्न मह,व बोकेर पर्यटन प्रवर्धन, विकास र संरक्षण पर्खिरहेको सो क्षेत्रको विकासको गुरुयोजना तयार गरी सवै लाग्ने हो भने सो क्षेत्रलाई आन्तरिक तथा बाह्य पर्यटन गन्तब्य बनाउन सकिने निश्चित छ । किच्चकबध उत्खननको प्रंसगलाई आधार बनाई कृष्ण धरावासीद्धारा किच्चकबधको सेरोफेरोमा लेखिएको उपन्यास'राधा'ले मदन पुरस्कार पाइसकेकोछ । जसका कारण पनि यसको पर्यटकीय मह,वलाई बढाएको छ ।(स्रोतः www.ddcjhapa.gov.np)

**विराट पोखर**ः अनारमनी गाविस वडा नं ७ मा अवस्थित विराटपोखर ऐतिहासिक पृष्ठभूमिमा आधारित छ । विर्ताबजार दक्षिण सैनिकमोडदेखि चारपाने गा. वि. स. (हाल विर्तामोड नगरपालिका) क्षेत्रको माथिल्लो भागसम्ममा रहेका करिब सातवटा पोखरी रहेको यो क्षेत्रलाई महाभारतकालीन कथासँग जोडेर स्थानीय बासिन्दाहरू विराटपोखर भन्ने गर्दछन । माहाभारतकालीन राजा विराटका गाईवस्तुहरूलाई पानी खुवाउन यो पोखरीको निर्माण गरिएको हो भन्ने जनविश्वास रहेको छ । यो पोखरी विर्तामोडवाट ४ कि.मि. दक्षिणमा एक विगाहा क्षेत्रफलमा फैलिएको छ । यहा पुग्नको लागि विर्तामोडवाट वस, टयाक्सी रिक्सा आदिमा चढेर जान सकिन्छ । यस पोखरीलाई ऐतिहासिक र धार्मिक पृष्ठभूमिका अतिरिक्त पर्यावरणीय मह,वका दृष्टिकोणवाट समेत हेर्ने गरिएको पाइन्छ । यस स्थानमा माछापालन गरि नौका विहार गर्न सक्नेप्रचुर सम्भावना रहेको छ । (स्रोतः www.ddcjhapa.gov.np)

**बाल्मीकी आश्रामः** ऐतिहासिक एवं पुरातात्विक दृष्टिले नेपालकै मह,वपूर्ण स्थानको रूपमा रहेको बाल्मीकि आश्रम र आश्रम क्षेत्र अर्न्तगत रहेको लवकुश धारा मेची अञ्चलको इलाम जिल्लाको बाँझो गा.वि.स. अर्न्तगत पर्दछ । झापा जिल्ला स्थित तोपगाछी गाविस भएर बग्ने कमल खोलाको उत्तरी सिरानमा रहेको बाल्मीकि आश्रम सम्म पुग्ने महेन्द्र राजमार्गबाट कमल खोलाको किनारै किनार करिब ७ कि.मि. पैदल यात्रा गर्नु पर्दछ।

यस ऐतिहासिक स्थलसम्म मोटर बाटोको सुविधा छैन । यस आश्रम क्षेत्रमा मह,वपूर्ण वस्तुहरुका साथै विभिन्न मूर्तिहरू उत्खननबाट फेला परेको कुरा स्थानीय वासिन्दाहरू वताउँछन् । आश्रम क्षेत्रमा जाँदा कमल खोलाको किनारै किनार रिखुवा पिलासे जाने बाटोको बीचमा पर्ने चुलाचुली क्षेत्रको “धाम डाँडो” मा भग्नावेषको रुपमा ठूला-ठूला इँटाहरू फेला पर्ने गरेकोले यस स्थानलाई पाँडे राजाको दरवार समेत भन्ने गरेको पाइन्छ । आज पनि यस डाँडाबाट बाल्मीकिको आश्रम नजिक रहेका कुँदेर बनाइएका ठूला-ठूला धाराहरू देख्न सकिन्छ । धारा रहेको क्षेत्रको भित्तामा कपडा धुन सकिने ठूला ठूला ढुङ्गाहरू छन् । धारा ढुङ्गाको बीचमा रहेको प्वालबाट पानी झर्ने गरेको पाईन्छ ।

ढुङ्गाको भित्तामाढुङ्गाकै कपडा झुण्ड्याउने किलाहरू रहेका छन् । कमल खोलाको मुहान समेत यही धारा हो । बाल्मीकिको आश्रम भएको विश्वास गरिएको यस बाल्मीकि आश्रम र सोही आश्रममा जन्मिएका लवकुशलाई स्नान गराउन उपयोग गरिएको धारा भन्ने विश्वास गरिएकोले यहाँका धारालाई लवकुश धाराको रूपमा आस्था एवं श्रद्धा गर्ने गरेको पाइन्छ ।

उचित प्रचार प्रसार र संरक्षणको अभावको कारणले बाल्मीकि आश्रम र लवकुश धारा ओझेलमा परेका छन्। साधुटार (शंकराचार्य पीठ) झापा जिल्लाका सुदुर उत्तरी गाविस खुदुनावारी गाविस वडा नं. १ मा रहेको साधुटार नेपालको प्रथम एवं एकमात्र शंकराचार्य पीठको रुपमा रहेको छ । सयौं वर्ष पहिलेदेखि नै साधुसन्तहरूले बसोबास गर्दै आएको यस साधुटारलाई एकजना खडेबाबा नामका साधुले संरक्षण गरेको हुनाले यस स्थानलाई साधुटार भन्ने गरिएको हो भन्ने भनाई रहेको पाइन्छ ।

साधुटारमा एउटा शिव मन्दिर समेत रहेको र मन्दिरलाई यज्ञ यज्ञेश्वर शिव समेत भनेर पुकारिने गरेको पाइन्छ । विश्वका समस्त हिन्दूहरूको आस्थाको धरोहरको रूपमा रहेको साधुटार शंकराचार्य पीठ उत्तरपटी डाँडामा देवीथान समेत रहेको छ । देवीथानबाट धेरै वर्ष पहिलेदेखि सहस्रधारा बगिरहेको र अहिले सो धाराबाट खुदुनाबारी गाविस वडा नं. १ र २ तथा अर्जुनधारा गाविस वडा नं. ३ का बासिन्दाहरूलाई खानेपानीको आपूर्ति गरिएको पाइन्छ । खडेबाबाले दैनिक स्नान एवं ध्यान, जप गर्ने विश्वास गरिएको यस सहस्र धारालाई धार्मिक आस्थाका साथ हेर्ने गरिएको पाइन्छ ।

कनकाईमाई झापा जिल्लाको लगभग बीच भागबाट बग्ने कन्काई नदीलाई नै कनकाई माई भनिन्छ । यसलाई प्रसिद्ध धार्मिक नदीको रूपमा लिइन्छ । कन्काई नदीमा पूजा गर्ने भाकल गऱ्यो भने आफ्नो मनोकामना पूरा हुन्छ भन्ने जनविश्वास छ । यसैको आधारमा यो नदीमा विभिन्न समुदायका मानिसहरू आई पूजा गर्ने गर्छन्। यस क्षेत्रमा हरेक वर्ष माघे संक्रान्तिका दिन पुर्वकै ठूलो धार्मिक मेला लाग्ने गर्दछ । यस दिनमा भारत, भुटान तथा नेपालका विभिन्न क्षेत्रवाट ठूलो संख्यामा भक्तजनहरू मेला भर्न आउँदछन्। कोटीहोम मन्दिरै मन्दिरले सिगारिएको कोटीहोम क्षेत्र झापा जिल्लाको सुरुगां गाविस वार्ड नं ४ मा अवस्थित छ । माई नदीको किनार र पूर्वपश्चिम राजमार्गसँगै रहेको छ ।

यस क्षेत्रमा कोटीहोम, कृष्ण मन्दिर, शिव मन्दिर, प्रणामी मन्दिर, दुर्गा मन्दिर रहनुका साथै वेद विद्याश्रम समेत रहेको छ । यहाँ असक्त वृद्धवृद्धाका लागि पनि वृद्धाश्रम रहेको छ । २०४२ साल पौष महिनामा योगी नरहरिनाथ यहाँ आएर वहाँकै अगुवाईमा रहेको शिव पञ्चायन मन्दिरमा १ करोड गायत्री मन्त्र होम यज्ञ संचालन गराइएको थियो साथै ४ वेद १८ पुराण लगायत सवै धर्म ग्रन्थ पाठ गराईए पछि पवित्रभूमि को रुपमा यो स्थान परिचित भएको हो ।

२०४२ सालदेखि यस स्थानमा कन्काई गायत्री विद्यापिठ गुरुकुलको स्थापना भइ संचलनमा रहेको छ । त्यसैगरी यहाँ २०४७ साल बाट बन्धु संस्थाको भवन बनाउन शुरूवात गरिएको छ । प्रत्येक १२ वर्षमा कुम्भ मेला संचालन गर्ने निर्णय गरी २०५४ सालमा प्रथम कुम्भ मेला सम्पन्न भएको छ । यहाँ वार्षिक ५ लाख स्वदेशि तथा गंगाको पूर्वी शिर मानेर भारत,भुटानबाट समेत भक्तजनहरू आउने गरेका छन् ।

माघे सक्रान्ती, बोलवम, शिवरात्री, वालाचर्तुदशी, तीज, बुद्धपूर्णिमाका दिन अत्याधिक भक्तजनहरूको घुईचो हुने गरेको छ । यस क्षेत्रमा वन्धु समाजवाट २२ वटा भवनहरू वनाइएका छन् । २०४२ सालमा योगी नरहरीनाथले ज्वलन गरेको अग्नी हाल पनि प्रज्ज्वशिल रहेको छ । धार्मिक सहिष्णुताको नमुनाको रुपमा बौद्ध धर्मावलम्बिहरूको गुम्बा समेत रहेको छ । यहाँ विवाह व्रतवन्ध लगायतका कर्मकाण्डहरू सधै भैरहेका हुन्छन् ।

समयगढ त्रिगर्त नरेश सुशर्माले महाभारत कालमा राज्य गर्दा बनाएका गढहरू हाल तोपगाछी गा.वि.स. मा रहेको छ । यसलाई स्थानीय बासिन्दाहरू सेमेगढ पनि भन्ने गर्दछन्। चिल्लागढ कनकाई माईको किनारामा अवस्थित चिल्लागढ पोखरीको ऐतिहासिकता अझै प्रष्ट भएको छैन तर त्यसमा किराँतहरूले आफ्नो पवित्र धार्मिकस्थल भनी पूजाआजा गर्ने गरेका छन् ।सतासीधाम गाविस वडा नं ७ मा पर्ने चिल्लागढ पोखरी क्षेत्रलाई पाण्डवहरू वसोबास गरेको क्षेत्र र यज्ञ गरेको स्थान भनेर चिनिने गरिन्छ ।

यहाँ रहेको जिल्ला पार्श्व चित्र, झापा २०७१ ढुङ्गाकै कपडा झुण्ड्याउने किलाहरू रहेका छन् । कमल खोलाको मुहान समेत यही धारा हो । बाल्मीकिको आश्रम भएको विश्वास गरिएको यस बाल्मीकि आश्रम र सोही आश्रममा जन्मिएका लवकुशलाई स्नान गराउन उपयोग गरिएको धारा भन्ने विश्वास गरिएकोले यहाँका धारालाई लवकुश धाराको रूपमा आस्था एवं श्रद्धा गर्ने गरेको पाइन्छ ।

उचित प्रचार प्रसार र संरक्षणको अभावको कारणले बाल्मीकि आश्रम र लवकुश धारा ओझेलमा परेका छन्। साधुटार (शंकराचार्य पीठ) झापा जिल्लाका सुदुर उत्तरी गाविस खुदुनावारी गाविस वडा नं १ मा रहेको साधुटार नेपालको प्रथम एवं एकमात्र शंकराचार्य पीठको रूपमा रहेको छ । सयौं वर्ष पहिलेदेखि नै साधुसन्तहरूले बसोबास गर्दै आएको यस साधुटारलाई एकजना खडेबाबा नामका साधुले संरक्षण गरेको हुनाले यस स्थानलाई साधुटार भन्ने गरिएको हो भन्ने भनाइ रहेको पाइन्छ ।

साधुटारमा एउटा शिव मन्दिर समेत रहेको र मन्दिरलाई यज्ञ यज्ञेश्वर शिव समेत भनेर पुकारिने गरेको पाइन्छ । विश्वका समस्त हिन्दूहरूको आस्थाको धरोहरको रुपमा रहेको साधुटार शंकराचार्य पीठ उत्तरपटी डाँडामा देवीथान समेत रहेको छ । देवीथानबाट धेरै वर्ष पहिलेदेखि सहस्रधारा बगिरहेको र अहिले सो धाराबाट खुदुनाबारी गाविस वडा नं १ र २ तथा अर्जुनधारा गाविस वडा नं ३ का बासिन्दाहरूलाई खानेपानीको आपूर्ति गरिएको पाइन्छ ।

ऐतिहासिक पोखरी वरिपरि शिव मन्दिर र कुटीहरू रहेका छन् । यो पोखरी महाभारत कालमा पाण्डवहरूले गाईबस्तुहरूलाई पानी खुवाउन र आफूले स्नान गर्न बनाएको कुण्ड हो

भन्ने किंवदन्ती रहेको पाइन्छ । एक विगाहा क्षेत्रफल ओगटेको यो चारकुने पेखरीको वरिपरि चारकुना बराबरी मिलाएर ६/७ फिटको उचाइमा माटोको घेरा उठाएर किल्लाको स्वरूप दिइएको पाइन्छ । आजसम्म कहिल्यै नसुनेको भनि विश्वास गरिएको यो पोखरीमा कहिलेकाही बन्दुक पड्केको जस्तो आवाज आउने गर्दछ भन्ने भनाइ रहेको समेत पाइन्छ । चिल्लागढ पोखरीमा सतासीधामको सिरान पहाडमा पाइएको विशाल शिवलिङ्ग समेत हालै स्थापित गरिएको छ ।(स्रोतः www.ddcjhapa.gov.np)

**कृष्णथुम्की**: द्वापर युगमा भगवान श्री कृष्णले यस स्थानमा गाई चराएको हुनाले यस स्थानको नाम कृष्णथुम्की रहन गएको किम्वदन्ती छ । झापा जिल्लाको बाहुण्डाँगी गाविस अन्तरगत पर्ने एक धार्मिक तथा पर्यटकीय स्थलको रूपमा विकास गर्न सके जिल्लाकै विकासमा टेवा पुग्ने देखिन्छ । झापा जिल्लाको सुदुर उत्तर–पूर्वी गाविस बाहुण्डाँगी गाविस वडा नं. ७ मा मेची नदी र सिद्धी नदीको संगममा रहेको कृष्णथुम्की धार्मिक एवं ऐतिहासीक दृष्टिकोणले अत्यन्तै मह,वपूर्ण छ ।

वरिपरि समथर जमिन रहेको स्थानमा भरेको पाथी जस्तो चुलिएर बसेको कृष्णथुम्कीलाई द्वापर युगमा भगवान श्री कृष्णले गाई चराएको ठाउँ भएको विश्वास गर्ने गरिन्छ । कृष्णथुम्कीमा एउटा चेप्टो ढुङ्गामा मानव र गाईको पद चिन्ह अंकित छ । कांकरभिट्टाबाट १३ कि.मि. उत्तरमा अवस्थित कृष्णथुम्कीमा कृष्णथुम्की र अन्य ५ वटा थुम्की समेत जम्मा ६ वटा थुम्कीहरू रहेका छन् ।

यहाँ रहेको कृष्णथुम्कीवाहेक अन्य ५ वटा थुम्कीहरूलाई पांच पाण्डवको प्रतीकको रूपमा लिने गरिएको पाईन्छ । यी थुम्कीहरूबाट झापा जिल्लाको अधिकांश क्षेत्र र भारतको केही क्षेत्रको दृश्यावलोकन समेत गर्न सकिन्छ । कृष्णथुम्कीमा मेचीनगर न.पा.,बाहुण्डागी गाविस र नेपाल पर्यटन बोर्डको संयुक्त प्रयासमा झापा भ्युटावर निर्माण गर्ने लक्ष्य रहेको समेत देखिन्छ । यस स्थानमा टावर निर्माण भएमा त्यसबाट सूर्योदयको दृश्यावलोकन गर्न सकिन्छ । टाँसी छोयलीङ गुम्बा झापा जिल्लाको मेचीनगर न.पा. को काँकरभिट्टाबाट दक्षिणतर्फ झरेपछि मेचीनगर न.पा.को वडा नं.-१० मा अवस्थित प्रसिद्ध गुम्बा हो ।

यहाँ नेपाल,भारत र भुटानबाट बौद्ध धर्मावलम्बीहरू टाँसी छोयलिङ गुम्बाको दर्शन गर्न आउँछन्। यसै गुव्वाको नजिकै श्री फारसाङ नाम्दग गे फेलिङ गुम्वा रहेको छ । वौद्ध भिक्षु, लामाहरूवाट प्रवचन दिने तथा धार्मिक अनुष्ठान गर्ने कार्य पनि गरिन्छ । प्राकृतिक रूपमा सुन्दर यस स्थानमा रमाइलो नामको सुन्दर गाउँ पनि छ । पातालगंगा मेचीनगर नगरपालिका क्षेत्रमा पर्ने पातलगंगा पवित्र धार्मिक, ऐतिहासिक र दर्शनीय स्थलको रूपमा यसलाई लिइन्छ । झापा जिल्लाको पवित्र तीर्थस्थल अर्जुनधारासँग सम्बन्ध जोडिएको छ भन्ने धार्मिक जनश्रुति पाइन्छ ।

१९९० सालको भूकंम्प जाँदा हालको पातालगंगा रहेको स्थानमा एकाएक दूध जस्तो सेतो फोहरा फुटेपछि स्थानीय मानिसहरूले गंगाजल प्रकट भएको विश्वास गरेका हुनाले यहाँ दर्शनार्थीहरू आउन थालेको हो । वि.सं २०४२ सालमा निजी सहयोगमा मन्दिर निर्माण भएको पाइन्छ । पातालगंगाको दर्शन गरेमा मनमा चिताएको कुरा पुग्छ भन्नेविश्वास रहेको समेत पाइन्छ । मेचीनगर नगरपालिकामा रहेको टोक्ला चिया कमानको उत्तरमा अवस्थित पातालगंगा वातावरणीय दृष्टिकोणले समेत स्वच्छ र रमणीय छ ।

पातालगंगा नजिकै अर्को धार्मिक मह,वको नन्दनेश्वर मन्दिर पनि रहेको छ । वि.सं २०1४ सालमा निर्मित योमन्दिर १ विगाहा १२ कट्ठा क्षेत्रमा फैलिएको छ । शिवरात्री गढिको रूपमा अचल सम्पत्ती रहेको यस मन्दिर क्षेत्रमा प्रत्येक वर्ष शिवरात्रीको अवसरमा मेला लाग्ने गरेको पाइन्छ । यसवाहेक यस क्षेत्रमा अन्य सानासाना मन्दिर र देवीदेवताका मूर्ति र धामहरू समेत रहेको पाइन्छ ।

जिल्ला पार्श्व चित्र, झापा २०७१ ऐतिहासिक पोखरी वरिपरि शिव मन्दिर र कुटीहरू रहेका छन् । यो पोखरी महाभारत कालमा पाण्डवहरूले गाईबस्तुहरूलाई पानी खुवाउन र आफूले स्नान गर्न बनाएको कुण्ड हो भन्ने किंवदन्ती रहेको पाइन्छ । एक विगाहा क्षेत्रफल ओगटेको यो चारकुने पोखरीको वरिपरि चारकुना बराबरी मिलाएर ६/७ फिटको उचाइमा माटोको घेरा उठाएर किल्लाको स्वरूप दिइएको पाइन्छ ।

आजसम्म कहिल्यै नसुनेको भनि विश्वास गरिएको यो पोखरीमा कहिलेकाही बन्दुक पड्केको जस्तो आवाज आउने गर्दछ भन्ने भनाइ रहेको समेत पाइन्छ । चिल्लागढ पोखरीमा सतासीधामको सिरान पहाडमा पाइएको विशाल शिवलिङ्ग समेत हालैस्थापित गरिएको छ । कृष्णथुम्की द्वापर युगमा भगवान श्री कृष्णले यस स्थानमा गाई चराएको हुनाले यस स्थानको नाम कृष्णथुम्की रहन गएको किम्वदन्ती छ । झापा जिल्लाको बाहुण्डाँगी गाविस अन्तरगत पर्ने एक धार्मिक तथा पर्यटकीय स्थलको रूपमा विकास गर्न सके जिल्लाकै विकासमा टेवा पुग्ने देखिन्छ ।

झापा जिल्लाको सुदुर उत्तर–पूर्वी गाविस बाहुण्डाँगी गाविस वडा न. ७ मा मेची नदी र सिद्धी नदीको संगममा रहेको कृष्णथुम्की धार्मिक एवं ऐतिहासिक दृष्टिकोणले अत्यन्तै मह,वपूर्ण छ । वरिपरि समथर जमिन रहेको स्थानमा भरेको पाथी जस्तो चुलिएर बसेको कृष्णथुम्कीलाई द्वापर युगमा भगवान श्री कृष्णले गाई चराएको ठाउँ भएको विश्वास गर्ने गरिन्छ । कृष्णथुम्कीमा एउटा चेप्टो ढुङ्गामा मानव र गाईको पद चिन्ह अंकित छ । कांकरभिट्टाबाट १३ कि.मि. उत्तरमा अवस्थित कृष्णथुम्कीमा कृष्णथुम्की र अन्य ५ वटा थुम्की समेत जम्मा ६ वटा थुम्कीहरू रहेका छन् ।

यहाँ रहेको कृष्णथुम्कीवाहेक अन्य ५ वटा थुम्कीहरूलाई पांच पाण्डवको प्रतीकको रुपमा लिने गरिएको पाईन्छ । यी थुम्कीहरूबाट झापा जिल्लाको अधिकांश क्षेत्र र भारतको केही क्षेत्रको दृश्यावलोकन समेत गर्न सकिन्छ । कृष्णथुम्कीमा मेचीनगर न.पा.,बाहुण्डागी गाविस र नेपाल पर्यटन बोर्डको संयुक्त प्रयासमा झापा भ्युटावर निर्माण गर्ने लक्ष्य रहेको समेत देखिन्छ । यस स्थानमा टावर निर्माण भएमा त्यसबाट सूर्योदयको दृश्यावलोकन गर्न सकिन्छ ।

यहाँका  धार्मिक स्थलहरू जस्तो अर्जुनधारा, कन्काई माई, आदि ठाउँमा विशेष दिनमा दर्शन पूजा तथा मेला लाग्दा सबै जातजातिका मानिसहरू जम्मा भएका हुन्छन् । यो नै धार्मिक एकताको ज्वलन्त उदाहरण हो । यसैगरी यस्ता धार्मिक स्थलहरूको संरक्षण र संवर्द्धन गर्नु सबैको सहयोग र सहभागिता हुनु जरूरी देखिन्छ । यस्ता काममा पनि यस क्षेत्रका मानिस एक जुट भएर सहयोग गर्न अघि सर्छन् ।

यहाँका मुख्य मुख्य धार्मिक स्थलहरूमा कन्काई धाम कोटी होम, सतासी धाम, अर्जुन धारा, विराटपोखरी, दोमुखा आदि प्रमुख छन् । (स्रोतः www.ddcjhapa.gov.np)

## २.९ आर्थिक अवस्था

यो भेग पूर्वको तराई क्षेत्रको रूपमा चिनिन्छ । यहाँको अधिकांश भूभाग समथर मैदानी भाग नै पर्दछ । त्यसैले यहाँको हावापानी पनि मनसुनी नै पाइन्छ । यहाँ मानिसहरूको प्रमुख जीवन निर्वाहको लागि खेती नै देखिन्छ । खेतीपाती पछि हाल यहाँ चिया उद्योगले पनि निकै आशातीत फल दिन थालेको छ । अन्य सानातिना उद्योग कलकारखाना पनि हाल निकै फस्टाएको अवस्थामा पाइन्छ ।

धान खेती, चिया खेती, कलकारखाना साथै अन्य घरेलु साना उद्योगहरू साथै बैंक वित्तीय संस्था हुँदा हुँदैपनि यहाँका मानिसहरू रोजगारीका लागि विदेश पलायन हुनेको पनि कमि छैन । आर्थिक अवस्था ठिकठिकै भएको यहाँ शिक्षित व्यक्तिहरू सरकारी जागिरमा पनि उतिकै देखिन्छ । अझ यस भेगमा चिया खेती साथै कफी खेतीमा पनि राम्रो लगानी गर्न सके आर्थिक स्तरमा वृद्धि हुने सम्भावन धेरै छ । यस क्षेत्रको आर्थिक अवस्था समग्रमा हेर्दा ठिकठिकै देखिन्छ । (स्रोतः www.cbs.gov.np)

## २.१० भौगोलिक अवस्था

यस भेगको प्रायः अधिकाँश भाग समथर रहेको छ । सबै क्षेत्रमा कच्ची सडक पुगेको छ । मोटर गाडी सबैतिर पुग्छ ।यहाँको हावापानी मनसुनी भएकोले गृष्मकालमा निकै गर्मी हुन्छ । यहाँका किसानहरू बर्षाको पानीमा नै भर परेर खेतीपाती गर्ने गर्दछन् । कहिलेकही अल्प वृष्टि र खडेरी लाग्दा भने उब्जनीमा पनि ह्रास आउँछ । यसप्रकार यहाँको हावापानी मनसुनी भएकोले यस्तो समस्या आउने गर्छ । यो क्षेत्र नेपाल अधिराज्यको पूर्वाञ्चल विकास क्षेत्रअन्तर्गत सुदूरपूर्वी तराईको एक विकसित जिल्ला हो ।

क्षेत्रफल र जनसंख्याको हिसावमा क्रमशः सतचालिसौ र चौथो स्थानमा पर्ने यो जिल्ला मानवीय विकासको आधारमा सातौं स्थानमा रहेको छ । उत्तरमा २६°२०"देखि २६°५०" अक्षांस सम्म र पूर्वमा ८७°३९" देखि ८८°१२" देशान्तर सम्म फैलिएको छ । नेपालको

सवभन्दा होचो भाग कचनकवल यसै जिल्लाको केचना गाविस वडा नं. ३ मा पर्दछ र नेपालको सवभन्दा लामो पक्की कन्काई पूल (७०३ मीटर लामो) यसै जिल्लामा रहेको छ । धान र चियाको लागि समेत यो क्षेत्र राष्ट्रकै अग्रस्थानमा रहेको छ । साथै वंगालबाट वहने मनसुनी वायुको कारणले यहाँ धेरै वर्षा हुने गर्दछ । साल, सिसौ, टिक, करम, सिमल, जामुन जस्ता वनस्पति पाइने सदावहार जंगल यहाँपाइन्छ । वढ्दो जनसंख्याको चाप र दाउराको अधिकतम प्रयोगको कारणले यहाँको जंगल क्षेत्र क्रमशः घट्दै गईरहे को छ । उत्तरमा चुरे क्षेत्र र दक्षिणमा भारतको समथर क्षेत्रले घेरेको यस जिल्लामा हिउँदमा चिसो र गृष्ममा वढी गर्मी हुने गर्दछ । ( स्रोत :www.ddcjhapa.gov.np.)

हाल नेपालको सतहत्तर जिल्लामा यो क्षेत्र पूर्वाञ्चल विकासक्षेत्रमा पर्ने झापा जिल्ला ( क्षेत्र नं.१) मेची अञ्चलमा पर्दछ । यो जिल्ला पूर्वको व्यापारिक नाका पनि हो । मेची अञ्चलको चारवटा जिल्ला मध्ये यो जिल्ला एक प्रमुख मानिन्छ ।

भौगोलिक रूपमा यहाँको अधिकाँश भूभाग समथर तराई क्षेत्र छ । छिमेकी देश भारतसँगको पूर्वी नाका पनि भएकोले यहाँ सामानहरूको आयात निर्यात सहज रूपमा भइरहन्छ । यस ठाउँमा पनि विभिन्न मठ मन्दिर र ऐतिहासिक केही स्थल भएकाले पर्यटकीय दृष्टिले पनि निकै नाम कमाएको छ । कन्काई कोटी धाम,अर्जुनधारा,सतासीधाम आदि यहाँका मुख्य धार्मिक तथा ऐतिहासिक ठाउँ मानिन्छ ।

यसरी यस ठाउँका बुढापाकाहरू र केटाकेटीहरू लोककथा भन्न र सुन्न निकै रूचि देखाउँछन् । तिनीहरू चौतारीमा बसेर यसो फुर्सदको समयमा यस्तै लोककथा भन्ने गरेको भेटिन्छ । (स्रोतः www.ddcjhapa.gov.np)

# तेस्रो परिच्छेद

## झापा जिल्लाको उत्तर पश्चिमी क्षेत्रमा प्रचलित लोककथाहरू

### ३.१ विषयप्रवेश

लोककथा लोकसाहित्य अन्तर्गत पर्ने एक विधा हो । यसलाई लोक कहानी पनि भनिन्छ । यस कथामा मानव मनका दुःख-सुख, कल्पना, घटना आदि बडो कलात्मक र मनोरञ्जनात्मक ढङ्गले प्रस्तुत गर्ने गरिन्छ । यो मानव जीवनमा अति प्राचीन विधा हो । यसमा मानव जीवनको तीता मिठा घटनाहरूलाई मौखिक रूपमा व्यक्त गर्दै जाँदा कथाको रूपमा परिणत भएको हो । खासमा भन्ने हो भने लोककथाश्रुति श्रवण गर्ने कला हो । यो एक व्यक्तिबाट अर्को व्यक्तिमा मौखिक भन्दै जाने परम्परा नै बसेको हो ।

पुस्ता दर पुस्ता भन्ने र सुनाउने परिपाटीको विकास हुँदै यो लिखित रूपमा आउन थालेको हो । लोककथालाई आधुनिक कथा जस्तो गरी सिर्जना गर्ने गरिदैन । यसलाई हाम्रा पूर्खाहरूले मनोरञ्जन, नैतिक शिक्षा, धार्मिक कुरा, पौराणिक घटनावलीहरूलाई आफ्ना सन्तान दर सन्तानलाई मौखिक रूपमा सुनाउने परम्पराको विकास भएपछि लिखित कथाको रूपमा आउन थालेको हो ।

यो लोककथा आधुनिक कथा जस्तो गरेर सृजना नगरेर लोकमा चलेको विभिन्न धार्मिक, सास्कृतिक, मनोरञ्जन जस्ता कथनहरूबाट सिर्जना गरिन्छ । त्यस्तै गरी यस झापा जिल्लाको उत्तर पश्चिम भेगमा बसोबास गर्ने राजवंशी जातिमा प्रचलित लोककथाहरू सङ्कलन गरी यहाँ प्रस्तुत गर्ने जमर्को गरिएको छ ।

यिनीहरूले पनि यस्ता लोककथा आफ्ना सन्तानहरूलाई फुर्सदको बेलामा वा राति सुत्ने बेलामा बुढापाकाहरूले सुनाउने गरेको परम्परा रहेछ । त्यहाँका प्रचलित लोककथाहरू लोक संस्कृति र लोक संस्कारसँग जोडिएको पाइन्छ । त्यहाँका लोकबासीहरू लोककथा भन्न र सुनाउन निकै उत्साहित देखिन्छन् । यहाँ पनि केही लोककथाहरू सङ्कलन गरेर कथाको संरक्षण गर्ने जमर्को गरिएको छ ।

तीलोककथाहरू यसप्रकारका छन् ....................

## १. खरानीको व्यापार

एक चोर बुढोको चोरहरूले घर जलाइ दियो । साला बुढो कहाँ बस्छ ? उनीहरू सात जना । त्यसपछि बुढोले के गरेछ भने यता उता गएर मलाई एउटा बोरा देऊ भनेर मागेछ । बुढो मान्छे भनेर सबले बोरा दिन्छ । बोरा जम्मा गरेर खरानी भरेर गएछ सहर । ठगलाई ठग्नु पर्छ नि ।

रात परेछ एउटा खसीको छाला भेट्टाएछ र बुढो छाला लिएर गाछीमा चढेछ । बोरा तल राखेछ । चोरहरू सातजना पैसा भागबण्डा गर्छ । यसो छाम्छ अण्डा आठवटा हुन्छ । मलाई अल्गोमा दे । अल्गो ठूलो देख्छ । मलाई अल्गोमा देको यसमा कम्ती छ भन्दै पैसा सबै थैलामा लिएर अण्डा लिएर झगडा पर्छ । यसलाई ठूलो मलाई सानो भनेर । बुढोले त अगाडि नै चोऱ्यो ।

माथिबाट बुढोले देख्छ साला दिन्छ दे भन्दै नत्र तेरो माथि पर्छ । माथिबाट सुकेको छाला हरहर तल झऱ्यो । बुढो भाँडा लिएर बुढो तल आयो ।सबै रूपियाँ लिएर जम्मा गरेर घर आयो । घर आयो र बूढीलाई भन्छ ए बुढिया  सालाको घरमा तिम्रो काठा ल्याऊ । (काठा भनेको ढाकी) चोरहरू भन्छ बाफ रे थुप्रै रूपियाँ छ डलर त्यतिबेला चाँदीका रूपियाँ ।

अनि ए नाति- मेरो त तग्दिर नै खराब छ । आजै दुइटा घर भत्कियो मुसी बिक्यो । हत्तेरीका हाम्रो छ सात भाइको सातवटा घर छ । सबै जलाएर ए कसो गर्नु पर्छ हजुर बुवा ? ए भन्नुपर्छ बजारमा मुसी लेऊ रूपियाँ देऊ, मुसी लेऊ रूपियाँ देऊ । उनीहरू पनि घर जलाएर गयो त्यो भार बोकेर चोरहरू । सबै हावाले मान्छेको आँखामा परेछ सबैले पिटेछ र लखेटेछ । अनि चोरहरू भाग्यो ।

स्रोत व्यक्ति : दारीघुरा राजवंशी

भद्रपुर, वर्ष : ८४

## २. गोठाला राजाको निसाफ

एकखान बरपर्ती छिले । गोटे बारी लोकवालला आपना आपना गोरु, भैंस, छागल लिए निए प्रत्येक दिन प्रतिखान चौरला चराय आर खेलाए । खेलत काहो राजा होएत काहो मन्त्री, काहो सिपाही । कबडी, डन्डिबियो, रुमाल चोर खेलाइते झगडा डन्ठा होइले लोकवाल राजा मिलाइ दितो । एक्टा बारीर एकजोन जनुवार लोक रहे आर ओर एक्टा भाइ आर एक मौगी छिले । एकदिन जनुवारटा छोटो भाइटासँगे लिए भेले दुर जन कामबार चलेगेल ।

प्रदेशे जनमजदुरी काम कोरते कोरते बडो भाइडा एक्टा माणिक कुराइपाल । जनुवार टाकाला आर माणिकटा ओर छोटो भाइडा दिए ने निए कोहोल तुइ घर जा आर ऐ माणिकटा आर टाकाला तोर भाउजीर दिहे दिहिस् । जनुवारटा छोटो भाइटा घरत जाइ टाकाला ओर भाउजीरदिबे । माणिकटा आपने दाबाइ राखिल । जनुवारटा दुई चार महिना वाद घर आसिल । केवा दिन वाद जनुवारटा ओर मोगिरसँगे ओर माणिक मागिल । ओर मोगी कोहोल कुन ठी मुइ माणिक पाम आर तोर दिम । जानुवारटा ओर भाइडा पुछारी कोरल ।तुई माणिकटा तोर भाउजीर दिसनी रे ।

छाडो भाइडा मिछामिछी कोहोल । माणिकटा मुइ भाउजीर हातत जिम्मा लागाइदिछु । माणिकटा बादे दुई भाइ भाइ झगडा होल, सत खुवाखुवी होल । ताओ छोटो भाइडा कबुल नि गेल । माणिकटा बादे बडो भाइडा छोटो भाइडार उपर कचहरी डाकाय निए नालिस दिले । एकदिन दोनो भाइ गोचरण प्रतिखाने पाताए तारिक पद हाजिरी हवार कचहरी जावार धोर्लो । एक्टा लोकवाल दोने भाइर उन्हा पुछारी कारिल तुमाए कुन्ठी जाछुन् ।

दोनो भाइ  झगडा वृतान्त कथाला कोहे सुनाल । आर कोल तारिक जावा छ महिना से बेसी  होए जाछे आलाए तक निसाफ कोरबा पाइ नि हाकिमडा । दोने भाइ कथाडा सुने कोहोल लकुवाल बोले तो तोमाए निसाफ हामाए लोकवाल राजा तो कोरिदितो । लोकवाल राजा कथा सुने दोनो भाइ छक परिगेल आर प्रश्न कोरिल काय तुमाए लोकुवाल राजा ? लोकवालडा कोहोल लोकवाल- एक्टा राजा होछे, तेर वादे मन्त्री आर सिपाही होइछी । तुमाए आजे कचहरी जाछुन् जाव हागिम डाजदि आजे तोमार निसाफडा कोरवार निपारे तो हागिम डाहामार लोकुवाल राजा कथा कहेल ।

लोकुवाल राजा तुमाय निसाफ कोरिदिबे । लोकुवालेर  कथा डा सुनिए निए दोनो भाइ तारिकडा दिवार गेल । कचहरीर हाकिमडा फिर दोनो भाइर तारिक दिवा चाहाल । तारिकेर कथा सुनिए निए दोनो भाइ कोहोल हाकिम साहब हामाय आजिए निसाफ कोरी दिय नि त हामाय लोकुवाल राजा किमा जामु निसाफ लिवा ।

तुइ जोदि लोकवाल राजा आसबार हुकुम दिस ते ओ एइठिना लिइआस्बो निसाफ कोर्बाल ला । दोने भाइर कथाडा सुनिए हाकिमडा गोस्सा उठिगेल आर कोहोल जाओ कालीका लोकुवाल राजा आर तुमार साक्षी लिए हाजिर हो । दोस्रा दिन दोनो भाइ आपना आपनी साक्षी आर लोकुवाल राजा लिए कचहरीर हाजिर होल । लोकुवाल राजारसँगे लोकुवाल सिपाहीला ओ छिले । लोकुवाल राजार हाकिमडा पुछारी कोरेल कि तुइ यिनार दुई भाइर निसाफ कोरिदिवा पाबो ।

मुइ यिनार निसाफ कोर्बा पार्बो किन्तु एम्टा शर्त छे लोकुवाल राजा बोलेल । केनन शर्त हाकिमडा. कहल ? एकधुरीटा खाने तोर कुसीटा मोर बस्बार दिवार लाग्बे । इडा कथाडा सुनिए हाकिम डा गोस्सा उठिए गिछेले किन्तु लोकला लोकुवाल राजार समर्थनले कोरिए बोले हाकिमसाब तुमाय निसाफ कोर्बा चाहो तो एकधुरी खान कुसीडा लोकुवाल राजा दिएदोन् । सबाइ कहरबार हाकिमडा कुर्सी खान लोकवाल राजा बैठबार दिए दिले । लोकवाल राजा हाकिमेर कुर्सी खाने जाएनिए बोठिन् । आर छोटो भाइ चारो जोन साक्षी डाकायनिए बियान लिवार धोरिल ।

स्रोत व्यक्ति : फुलसिंह राजवंशी

भद्रपुर, वर्ष : ६४

## ३. छट्टु केटो

एक्टा छिलो बुढा एक्टा बुढी ।बुढाडा पाटा कामाछे । सातजोन ठग चलिगेछे बुढार ठाम ताम्गु खाबा कोहिछे नाना, के ने । ए नाना तुइ चिलिमखाना, मोर मार तुइ मोसा होबो । ताम्बु टा छे ? नि ताम्बु ढालिलिलेछे । जारे तुइ घरत टा लिलिसे । बुढीसा घरेत छे । नानी क्यारे, टाका लोटा नाना दिवार कोल । धत् दिवार कोल पाग्ला ।

हा हा दिवार कोल ताम्बु ढालिलिछे । ए बुढा दिम नाकि, ए बुढा दिम नाकि ।तिनबार कहछे । बुढा - दे दे दे दे ।तिनबार कहलपर टाका ला दिदिछे । बुढा पाटा टाटा कामाय तारपर घर आछे । सा बुढी ए बुढा टाकाला- किन्हे, टाकाला दिलो जे लोक किन् लोक जे च्याङग्रा । टाकाला ! - ह्या तुम् जुन पाठाइछो जुन एक्टा च्याङग्रा ।धुत् टाका कुन टा पाठाबो । ला तुम कहछु हे बुढा देदु तु कहछु दे दि । ला लेरे आर चिन्ता कोरिस्ना ।

स्रोत व्यक्ति :दारी घुरा राजवंशी

भद्रपुर, वर्ष :८४

## ४. छट्टु स्याल र किसान

एक्टा बुढा कोचु लागाछे । उती एक्टा आसे कोहोछे - ए नाना - क्यारे । किकोर्छिस् ? कोचु लागाबो, खाबो कोचुला । केनोरे कोचुला उसाय दिवालागे,उसाय दिबे काली खावार होयजाबे । हय हय । चोल जाय घर । घर जाय कय ए बुढी कोचुला- क्या, कोचुला उसायदिबो, कि कोबो । हाँ हाँ एक्टा मुन्ना कि कोहीगिल, कि कोहोल ?

उसाय लाग्बा ता काली खुद्बा पायब । ले ले कोचुला उसायदे । कोचु लागायदेब । रातिला स्यालला भेल आएछे । स्याला कोचुला खुद्बाय सब खाएनिछे ,हाइगे माटी दिए एक्टा एक्टा डान्ठी गाडे चलिगिछे । कोचु तारपरे बुढा बोल्छे - काल्के सकाले कोचुला देखाए जाय तब बुढा बोल्छे -ए बुढी - बुढी कहछे क्या ? चल कोचु खोद्बार, कोचु खोदबारला । कोचुला देखिछे खुब भकभकार । कोदाली लागिछे एखोन प्यात्त् प्यात्त्, ए स्यालडा ठगिछे । तारपरे बुढाडा स्यालेर मारिदिछे ।

स्रोत : दारीघुरा राजवंशी

भद्रपुर, वर्ष : ८४

## ५. बुढाका दिन फर्किए

एउटा बुढाको उसको श्रीमती मरेको छ । जेठी बुहारीले पनि वास्ता गरेको छैन । जेठो छोरोले पनि वास्ता गरेको छैन । कान्छा छोरा बुहारीले पनि वास्ता गरेको छैन । यस्तो बिजोगमा परेछ, अब के गरूँ के गरूँ । उसको एउटा दोस्त छ टाढामा । निकै गारो छ अनि भन्छ दोस्त एकदिन मेरोमा जानु ल । हुन्छ जानु फेरि हौ । अनि गएछ, न लुगा धुने न के गर्ने । खाना आफै पकाउँछ,कहिले काँचै कहिले के कहिले के । अनि त्यहाँ दिए?

तिन हजार रूपियाँ दिए । एक हजार रूपियाँ चाहिँ खानु अनि दुई हजार चाहि एकको दुईको दिएछ  खाली राति गन्नुस् । अनि बुढो आयो घरमा खानासाना पकाएर राति कुपी जलाएर एक दुईको रूपियाँ यता गनेर उता राख्छ उता गनेर यता राख्छ । त्यसो गरेको तिन चार दिन भयो अनि उसको जेठी बुहारी चियाउँछ रातभरि कुपी बल्दैछ । बाफरे बुढोले कहाँबाट ल्याउँछ पैसा । यता गर्छ उता राख्छ उता गर्छ यता राख्छ ।

बुढोको त बिछौना भरि पैसा । अनि उसले भोलिपल्ट श्रीमानलाई भन्छ । उसले भन्छ साँच्ची पो त हौ बुवालाई त मान्नु पर्छ । बुवालाई मानेपछि त हाम्रै हुन्छ । भोलिदेखि बुवालाई स्याहार गर्नु है । कपडा धुइ दिनु, खाना दिनु । भोलिदेखि त्यसै गर्छ । अनि उसको कान्छी बुहारी कान्छो भाइले भन्छ के हो भाउजू र ठूलो दाइले बुवालाई धेरै मान्छ । अनि थाहा पाउँछ, ए यस्तो पो चाल । हामी पनि मान्नु पर्छ अनि उसले पनि गर्न थाल्छ ।

कपडा धोइदिन्छ, नुहाइदिन्छ, तेल लगाइदिन्छ । त्यसपछि बुढालाई धेरै सुख हुन्छ । आनन्द हुन्छ । कति दिनपछि बुढोको दोस्त आउँछ र सोध्छ,- कस्तो छ साथी ? राम्रो छ साथी, एक हजार खान र दुई हजार गन्न थालेको । आजकाल त पैसा आफैँ आउन थाल्यो ।

स्रोत : दारीघुरा राजवंशी

भद्रपुर, वर्ष : ८४

## ६. माटोको भाँडो र बुढा बा

एउटा बुढोको के थियो ? एउटा बुहारी एउटा छोरो अनि भात खाने माटोको भाँडो । नाति यत्रो भयो । हेर्दैछ सधैं हजुर बुवालाई अनि भन्छ ए हजुर बुवा तपाइँ यो फालिदिनुस् त लडेर त ? हैट । अरे फुटाइदिनुस् न म हेर्छु ।

फेरि भात ल्याउन जानुपर्छ भान्सामा लानुस् भिखारी जस्तो । बुढोले त्यसै गर्छ अनि हैट साले बुढो के गरिस् ह साले बुढो ? के गर्नु बाबु । साले बुढो यो फुटाइदिइस् म काँ पाउँछु ? यो म काँ पाउँछु । यो म काँ पाउँछु ? किन ? आज भोलि पर्सी तँ गइहाल्छस् । यो म काँ पाउँछु ? मेरो आमा बुवालाई म के मा भात खुवाउनु ? छोरा बुहारीले सुनेर भन्छ हामीलाई पनि त्यसमै खुवाउँछ छोराले अचम्ममा पर्छ । त्यही दिन देखि काँसको थाल र गिलास ल्याउँछ ।

स्रोत व्यक्ति : दारीघुरा राजवंशी

भद्रपुर, वर्ष : ८४

## ७. लाटो बुढो र चोरहरू

एउटा थियो लाटो ।बाँसघारीमा गयो पाइखाना । पाइखाना उसको लट्टा परिराछ अनि उसलाई पिछाडीबाट घोच्दै छ सिर्कना । यसो हेर्छ अगाडि रूपियाँ छ यसो बस्छ घोच्दैछ । साला यसोरी कन्डोमा घोच्नु पर्छ त ? गर्दा गर्दा त्यो छोडदिन्छ, त्यो ल्याएन ।

आयो घर । राति सुत्ने बेला चोर दुइटा पिछाडी सुनिराछ । अनि ए बुढी - क्या - "आज म बाँसघारीमा पाइखाना गएँ नि अगाडि रूपियाँको लोटा दिदियो नि पिछाडीबाट घोच्छ ।" "कस्तो मूर्ख मान्छे तपाइँ त ल्याउनु पर्दैन ?" आरे त्यस्तो पनि लिन्छ कस्तो तँ मूर्ख मान्छे पछाडिबाट कन्डोमा घोची घोची लिन्छु त म त्यस्तो रूपियाँ ? अनि चोरले सुन्छ । अनि जान्छ बाँसघारीमा । ए हो त हेर्छ यसो यसो तानेछ सबै गोमन साँपको बच्चा । अनि त सबै भाग्छ ।

स्रोत व्यक्ति : दारीघुरा राजवंशी

भद्रपुर, वर्ष : ८४

# चौथो परिच्छेद

## सङ्कलित लोककथाहरूको वर्गीकरण र विश्लेषण

### सङ्कलित लोककथाहरूको वर्गीकरण

#### ४.१.१ मानिस र पशुसम्बन्धी लोककथा

छट्टु स्याल र मूर्ख  किसान

#### ४.१.२ सामाजिक लोककथाहरू

(१) खरानीको व्यापार

(२) गोठाला राजाको निसाफ

(३) छट्टु केटो

(४) बुढाका दिन फर्किए

(५) माटोको भाँडा र बुढा बा

(६) लाटो  बुढो र चोरहरू

## ४.२मानिस र पशुसम्बन्धि लोककथाको विश्लेषण

### १. छट्टु स्याल र मूर्ख  किसान

यो छट्टु स्याल र किसान कथामा एउटा किसानले आफ्नो खेतमा पिंडालु लगाउन बोरामा कसेर खेतमा जान्छन् र खेतमा पुगेर पिडालु लगाउन ठिक्क पार्दा  एउटा स्याल आएर के रोपेको बा भन्दै सोध्छन् अनि किसानले पिडालु रोप्न लागेको कुरा बताउदै गर्दा त्यो देखेर स्यालले पिडालु त उसिनेर लगाउँदा भोलिपल्ट न खान तयार हुने कुरा बताउनु,भनेको मात्र हुन्छ । किसानले उक्त कुरा पत्याएर उति नै बेला घरतिर पिडालुको बोरा बोकी फर्कन्छन् र राति बुढीलाई भनेर पिडालु उसिन्छन् अनि भोलिपल्ट बिहान फेरि पिडालु बोकी खेतमा रोपेर फर्कन्छन् । बिहान उठेर हेर्दा हरिया बोट देख्छन् र बुढीलाई पनि देखाउँदै हेर ऊ पिडालु कत्रो कत्रो भएछ भन्दै जाऔं खन्न भनी जान्छन् दुवै । त्यहाँ भरे रातभरिमा स्याल आएर सबै पिडालु खाएर आची गरेर माटो पुरी राख्छ र त्यहाँ हरिया हाँगा गाडेर भाग्छ । भोलिपल्ट किसान आएर हेर्दा स्यालको उपद्रो देखेर स्याललाई जङ्गलमा गई खोजेर मार्नु, यसबाट चलाख र छट्टु स्यालले आफ्नो ज्यान आफ्नै बुद्धिले समाप्त भएको छ । मूर्ख किसान हिस्स पर्छ । यस कथाले मूर्ख मान्छेलाई वनका पशुले पनि पट्याउन सक्छ भन्ने शिक्षा पाइन्छ ।

## २) सामाजिक लोककथाहरूको विश्लेषण

### १. खरानीको व्यापार

एउटा गाउँमा एकपल्ट राति बुढा बसेको घरमा सातजना चोरहरू आएका, सरसामान चोरेर घर समेत जलाएका, त्यसपछि ती चोरहरू भागेका, बुढाले घर जलेको सबै खरानी बोरामा खाँदेर भार बाँधेर निस्किए ।

बाटामा एउटा खसीको छाला भेटेर त्यसलाई पनि साथमा लगेका बाटामा रात परेकाले एउटा ठूलो रूख मुन्तिर खरानीको भारी राखेर आफू रूखमाथि चढेर बसेका । त्यसै बखतमा ती सातजना चोरहरू पनि त्यही आइपुगेका र आफूहरूले चोरेर ल्याएको रूपियाँ पैसा र आठवटा अण्डा भाग लाउन थालेका तर नाति र ती सात जना चोरहरूले पनि देख्नु र के गरी यो पैसो आएको भनेर सोध्दा घर जलेको खरानी बेचेर भन्ने कुरा गर्दा त्यसपछि ती चोरहरूले हाम्रो पनि

सातजनाको सातवटा घर छ, घर जलाएर के गरी बेच्नु भनी सोध्छन् । चोर बुढाले बजारमा गएर खरानी लेऊ रूपियाँ देऊ भन्नु अनि त कति हो कति रूपियाँ आउँछ नभन्दै ती चोरहरूले आफ्नो घर जलाएर खरानी बनाइ बजार लगेर बेच्ने प्रयास गर्दा मान्छेको आँखामा खरानी हावाले उडाएरु पसेपछि ती सबै चोरहरूलाई कुटेर लखेट्नु र दुःख पाउनु, यसप्रकार यो कथाले अरूको कुभलो हुने काम कहिले पनि गर्नु हुदैन भन्ने शिक्षा दिन्छ ।

## २. गोठालो राजाको निसाफ

एउटा गाउँ त्यस गाउँमा एउटा ठूलो चौर त्यो चौरमा गाउँका मानिसहरूले आफ्ना गाईवस्तु चराउन लानु र ती वस्तु गोठालाहरू आपसमा मिलेर खेल विभिन्न खेल खेल्नु, त्यसमा पनि कोही राजा कोही मन्त्री बन्ने खेल देखि कबडी, रूमाल लुकाइ जस्ता खेल खेल्ने, त्यहीँ गाउँको एकजना दाइ भाइ कामको खोजीमा घरदेखि टाढा जानु,काम गरेको बेलामा दाइले एउटा मणि भेट्टाउनु, त्यसपछि दाइले केही रूपियाँ र त्यो मणि भाइको हातमा घर लगेर भाउनूलाई दिनु भनेर भाइलाई घर पठाउनु, दाइले भने बमोजिम भाइले घरमा गएर भाउजूलाईृ रूपियाँ बुझाउनु, केही महिनापछि दाइ घर आउनु र आफ्नी स्वास्नीलाई आफूले पठाएको मणि माग्नु तर उसकी स्वास्नीले कुनै मणि कसैले आफूलाई नदिएको कुरा गर्नु,त्यसपछि भाइलाई बोलाएर दाइले सोध्नु तर भाइले दिएको कुरा दाइलाई भन्ने बित्तिकै दुवै बिच ठूलो झगडा शुरू हुनु त्यसको लागि कचहरी पुग्नु त्यहाँ तारिकमा धाउदा दिक्क भएकालाई गोठालाका राजाले फैसला गरेपछि बल्ल झगडाको समाप्ति हुनुले एउटा जिम्मेवार निकायले सही ढङ्गले काम नगर्दिदा जनताले दुःख पाउनु पर्छ भन्ने शिक्षा यस कथाले भन्न खोजेको छ ।

## ३. छट्टु केटो

एकदिन एउटा मान्छे सनपाट धुन भनेर एउटा पोखरीको डिलमा बसी काम गर्दै तमाखु पनि खाँदै गरेको एउटा केटोले देख्नु र सोध्नु हजुर बा के खानु भएको?मलाई पनि अलिकति दिनुहोस् न । यसरी माग्दा त्यो मान्छेले मैले सबै मुखमा हालिसके यो तमाखु यहाँ छैन घरमा छ भन्दा त्यो केटोलाई घर पठाउनु अनि त्यो केटोले त्यही पुगी उसकी स्वास्नीसँग पैसाको तिम्रो लोग्नेले मागेको छ भन्दै र यसरी माग्नु थालेकाले तिनले पनि आफ्ना लोग्नेलाई बाहिर निस्केर सोध्दा जवाफमा लोग्नेले दिनु भन्ने संकेत पाएपछि उनले त्यो थैलो दिन्छे र बेलुका

लोग्ने घर आइपुगेपछि स्वास्नीले कति कामको लागि पैसा माग्न पठाउनु भएको भन्दा बुढो झसङ्ग भइ मैले त तमाखु पो दिन भनेको भन्ने कुरा सुनेपछि दुवै लोग्ने स्वास्नीले छट्टुले ठगेको कुरा थाहा पाए । यसरी यो कथाले राम्रोसँग चिनजान नभएको मान्छेलाई छिटो विश्वास गर्नु हुन्न यसबाट धोका पाइन्छ भन्ने शिक्षा दिन खोजिएको छ ।

## ४. बुढाका दिन फर्किए

एकजना बुढा ससुरालाई बुहारीहरूले सारै हेला गरेका, खानपानमा वेवास्ता,लुगा कपडा नधोइदिने ती बुढा ससुराले आफैँ पकाएर खानुपर्ने अवस्था कहिले भोकै कहिले थोरै खाएर आफ्नो जीवन गुजारा गरेकोमा दुःखी भइ आफ्नो पुरानो मित्रलाई सम्झेर उनलाई भेट्न जानु, मित्रले पनि एउटा सही सल्लाह दिनु त्यसमा उसलाई ३ हजार रूपियाँ दिई एक हजार खर्च गर्नु र अरू दुई हजारमा एक एकको नोट राति बसेर गन्नु भन्दै थैलो जिम्मा लगाउनु । मित्रको सल्लाह बमोजिम बुढोले घरमा गएर त्यसै गर्न थाल्नु । गर्न थालको दुई तिन दिनमा जेठी बुहारीले ससुराको निकै पैसा र उनले आफ्ना श्रीमानलाई बताउनु, तिनले पनि साँच्चै बासँग निकै रूपियाँ रहेछ त्यो पछि हाम्रै हुन्छ अहिले बुवालाई हामीले स्याहार गर्नुपर्छ भन्ने कुरा गरेर बुढाको स्याहारमा जेठा छोरा बुहारी लाग्नु, यो कुरा कान्छो छोरा बुहारीले पनि थाहा पाई ती पनि बाको स्याहार गर्न थाल्नु यसरी ती बुढालाई दुवै छोरा बुहारीले स्याहार गरेपछि बुढा आनन्द र सुखले दिन बिताउन पाएको कुरा साथीले पनि सुनेपछि खुसी हुन्छन् यस कथाले छन् भने सबै मेरी छैन भने सबै टेढीको उखान जस्तो शिक्षा पाइन्छ ।

## ५. माटोको भाँडा र बुढा बा

एउटा बुढा बालाई उनका बुढी मरेपछि छोरा बुहारीले सधैँ माटोको भाँडामा भात खान दिन थालेको, यसरी हेला गरेर खान दिएको कुरा त्यो बुढाका सानो नाति केटोले देख्दै आएका, उनलाई यो कुरा मन पर्दैनथ्यो, नाति केटोले हजुर बालाई यो भाँडो फुटाइदिनु हजुरबुवा भन्दै फुटाउन कर लगाउनु अनि उन कै हातबाट त्यो भाँडो फुटाउन लगाउनु त्यसपछि त्यो नाति केटो उफ्रेर रूनु कराउनु थाल्नु र कराएर ए साले बुढो किन यो फुटाइस् भोलिपर्सी मैले मेरा बा आमालाई के मा खान दिनु भन्दै चिच्याउनु, रूनु कराउनु, यी सबै कुरो बा आमाले सुन्नु र बुझ्दा ती केटाका बा आमालाई ठुलो झटारो हाने झै हुनु र भोलिपल्ट नै काँसको थालगिलास

किनेर बुढा बालाई भात खान दिन थाल्नु, यसरी पालोको पैँचो जसलाई पनि आउछ भन्ने सन्देश यस कथाले स्पष्ट पारेको छ ।

## ६. लाटो मान्छे र चोरहरू

एउटा गाउँको एउटा मूर्ख मान्छे रातको समयमा दिसा बस्न बाँसको झ्याङमा जानु दिसा बस्ने बेला पछाडिबाट केही कुराले घोच्दै गरेको अगाडि पट्टि पैसाको लोहोटाराखेको देख्नु अनि त्यो मूर्ख मान्छे दिसा गर्दै नानाभाँती गाली गर्नु, दिसा गरेर घर फर्कनु र सबै वृतान्त आफ्नी बुढीलाई सुनाउनु त्यो सुनेर बुढीले पैसाको लोहोटा किन नल्याएको भनेर बुढालाई बेसरी गाली गर्नु, त्यो बुढाबुढीको कुरा बाहिर चोरी गर्न आएका चोरहरूले थाहा पाउनु र तिनीहरू तुरून्तै त्यही बाँसको झ्याङमा पुग्नु, हतारिएर एउटाले त्यो लोहोटा उठाएर लिन खोज्नु हेर्दा त्यसभित्र गोमन सर्पको बच्चा स्याउ स्याउ देख्नु र त्यो त्यही छाडेर भाग्नुले यो कथाले लोभ गर्नु र अर्काको धन चोर्न जानु कहिल्यै सफल हुदैन । यसो गर्नु राम्रो हुन्न भन्ने शिक्षा पाइन्छ ।

# पाँचौं परिच्छेद

# सारांश र निष्कर्ष

## ५.१ सारांश

यस अध्ययन पत्रमा स्नातकोत्तर तह दोस्रो वर्षको दशौं पत्रका लागि ऐच्छिक विषयहरू मध्ये लोकसाहित्यसँग सम्बन्धित यो लोककथा र यसको सङ्कलन र विश्लेषण सहित तयार पार्ने प्रयत्न गरेकी छु ।त्यसै अन्तर्गत यहाँ झापा जिल्लाको उत्तर पश्चिमी भेगका राजवंशी जातिमा प्रचलित लोककथाहरूको सङ्कलन गरिएको छ ।

खासमा भन्ने हो भने लोककथा भनेको लोकसाहित्य अन्तर्गत पर्ने प्रमुख विधा हो । यसमा लोक जीवनको मानिसहरूको दुःख सुख, मनोरञ्जन, सामाजिक रहन सहन, आर्थिक अवस्था, राजनैतिक अवस्था, अर्ती उपदेश, समाजमा रहेको अन्धविश्वास जस्ता अनेक विषयमा यसको खोज तलास हुने भएकोले यो लोकसाहित्य तथा लोककथाको एक महत्वपूर्ण पक्षको रूपमा देखिन्छ । यिनै लोककथाबाट प्रभावित भएर नै आधुनिक कथाको उपज हुन थालेको कुरा नकार्न सकिन्न । वास्तवमा भएको यस्तै नै हो ।पहिले प्राचीन समयमा गुरु तथा माता पिता र आफ्ना अग्रजले यस्तै यस्तै खाले लोक जीवनमा घटेका घटनाहरू सुनाएर नै लोककथा भनेर अर्ती, उपदेश र शिक्षा दिने परम्परा थियो । लोककथाले लोकजीवनको सामाजिक,आर्थिक, सास्कृतिक, राजनैतिक आदि विषयको खोजतलास गर्ने भूमिका खेलेको हुन्छ ।

यसै कुरालाई मनन गरेर मैले पनि यहाँ झापा जिल्लाको उत्तर पश्चिमी भेगमा प्रचलित लोककथाहरू सङ्कलन गरेर वर्गीकरण गर्ने प्रयास गरेकी छु ।

प्रस्तुत अध्ययन पत्रमा जम्मा पाँचवटा परिच्छेद राखिएको छ । त्यसमा पहिलो परिच्छेद अन्तर्गत विषयको परिचय राखिएको छ । त्यसैगरी समस्याको समाधान विधि र प्रक्रियाको निर्क्यौल गरेर यसको रूपरेखा निर्धारण गरिएको छ ।

त्यसैगरी दोस्रो परिच्छदमा झापा जिल्लाको संक्षिप्त परिचय दिइएको छ । तेस्रो परिच्छेदमा झापा जिल्लाका उत्तर पश्चिमी भेगका राजवंशी जातिका लोककथाहरू सङ्कलन गरिएको छ । चौथो परिच्छेदमा सङ्कलित कथाहरूको वर्गीकरण र विश्लेषण गरिएको छ ।

त्यसरी वर्गीकरण र विश्लेषण गरिएको कथामा एउटा मानिस र पशु अर्थात जनावर रहेका छन् भने बाँकी सबै सामाजिक कथाहरू रहेका छन् ।

## ५.२ निष्कर्ष

यो अध्ययनपत्र मुख्य रूपमा झापा जिल्लाको उत्तरपश्चिमी भेगका राजवंशी जातिमा प्रचलित लोककथाहरूका बारेमा अध्ययन गर्ने जमर्को गरिएको छ । अध्ययन कै क्रममा यस क्षेत्रका विभिन्न सामाजिक, धार्मिक, भौगोकि, आर्थिक, सांस्कृतिक, राजनैतिक आदि विषयको पनि खोजतलास गर्ने अवसर प्राप्त भएको छ । त्यस भेगका बासिन्दाहरूहरूसँग भेटेर लोककथाको बारेमा कुराकानी गरी साथै यस जाति विशेषमा विद्यमान लोक संस्कृति, मान्यता, अन्धविश्वास, परम्रागत मान्यताका बारेमा पनि जान्ने अवसर प्राप्त भयो । त्यस भेगमा लोककथा बडो चासोको विषय मानेर आफ्ना सन्ततीहरूलाई भन्ने र सुन्ने परम्परा भेटियो ।यस्ता लोककथाहरूमा पनि अझै अन्धविश्वासले जेलिएका साथै परम्परादेखि चल्दै आएको मान्यताले मानिसमा चेतना खुल्न अझै बाँकी छ कि भन्ने आभास पाइयो ।

लोककथा सङ्कलन गर्न त्यस भेगका बस्ती बस्ती घुमेर व्यक्ति व्यक्तिसँग बसेर कथा श्रवण गरी त्यसलाई रेकर्ड समेत गरेर मात्र यस अध्ययनपत्रमा उतार्ने कार्य सम्पन्न गरिएको छ । त्यस ग्रामीण भेगका महिला भन्दा पुरूषहरूबाट कथा सङ्कलनमा सहयोग पुग्यो । वास्तवमा त्यस क्षेत्रका मानिसमा परम्परावादी मानसिकता अझै कायम रहेको महशुस भयो । जसले गर्दा यहाँ सङ्कलित कथाहरूमा पनि चेतनाको अभाव, अशिक्षित वर्गको बाहुल्यता जीवनशैली पनि प्राचीन अवस्थामा नै रहेको कुरा छर्लङ्ग भेटिन्छ । यसप्रकारको यहाँ सङ्कलित कथाहरू प्रायजसो मानिसमा चेतनाको कमि, परम्परावादी मान्यता, शिक्षाको अभाव, महिलावर्ग पुरूषको तुलनामा धेरै पछाडि परेका, आय आर्जनको जिम्मा सबै पुरूषमा नै सीमित रहने जस्ता कुरा प्रशस्त भेटिएका छन् ।

समग्रमा यस अध्ययन क्षेत्रका मानिसद्वारा सङ्कलन गरिएका कथाहरूसामाजिक अन्धविश्वास, पारिवारिक पृष्ठभूमि, अत्याधिक घरायसी कामकाज, न्यून आयस्रोत जसले गर्दा अनैतिक कार्य गर्नसम्म पछि नपरेका जस्ता कुराले बढी ठाउँ पाएको देखिन्छ ।

यसप्रकारयस अध्ययनपत्रमा उक्त क्षेत्रको लोक जीवनको लोककथाहरू पनि त्यसै अनुरूप सङ्कलित गरी वर्गीकरण र विश्लेषण गर्ने जमर्को गरिएको छ ।